# उच्च अदालत पाटन

वर्ष १ | अङ्क ७ | इ बुलेटिन | २०८१ पुष

## यस अदालत, हेटौडा इजलास तथा मातहतका अदालतका नियमित गतिविधिहरु

### यस अदालतको प्रथम चौमासिक समीक्षा कार्यक्रम सम्पन्न

मिति २०८१/०८/०४ गते उच्च अदालत पाटन र मातहतका जिल्ला अदालतहरुको प्रथम चौमासिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरियो। यस अदालतका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको चौमासिक समीक्षा कार्यक्रममा यस अदालतका माननीय न्यायाधीशहरू, रजिष्ट्रार, उपरजिष्ट्रारहरू तथा कर्मचारीहरुसमेतको सहभागिता रहेको थियो। समीक्षा कार्यक्रममा यस अदालत तथा मातहतका जिल्ला अदालतहरुको यस आर्थिक वर्षको प्रथम चौमासिक लक्ष्य र प्रगतिका बारेमा समीक्षा गर्दै आगामी दिनमा लक्ष्य अनुरूप कार्य सम्पन्न गर्न अपनाउनुपर्ने उपायका बारेमा छलफल भएको थियो।



चालु आर्थिक वर्षको प्रथम चौमासिक तथा कार्तिक महिनामा सबैभन्दा बढी फैसला गर्ने माननीय न्यायाधीश श्री कृष्णराम कोइरालालाई सम्मान गर्नुहुँदै माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवर।

यस उच्च अदालत पाटनमा प्रथम चौमासिकमा वार्षिक लक्ष्यको ३२.५५% मुद्दा फछ्र्यौट भएको पाइयो। त्यस्तै मातहतका अदालतहरुमा काठमाडौं जिल्ला अदालतले वार्षिक लक्ष्यको १७.९७ प्रतिशत, भक्तपुर जिल्ला अदालते १९.६५ प्रतिशत, ललितपुर जिल्ला अदालतले २०.३९ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्ला अदालतले २३.८३ प्रतिशत, सिन्धुपाल्चोकजिल्ला अदालतले ३७.३४ प्रतिशत, दोलखा जिल्ला अदालतले २७.३५ प्रतिशत, रसुवा जिल्ला अदालतले २६.९८ प्रतिशत, रामेछाप जिल्ला अदालतले २४.७८ प्रतिशत, नुवाकोट जिल्ला अदालतले ३४.४८ प्रतिशत, धादिङ जिल्ला अदालतले ४१.७२ प्रतिशत, सिन्धुली जिल्ला अदालतले २३.६४ प्रतिशत, चितवन जिल्ला अदालतले २७.२० प्रतिशत र मकवानपुर जिल्ला अदालतले २६.६० प्रतिशत मुद्दा फछ्र्यौट गरेको पाइयो। त्यस्तै उच्च अदालत पाटन हेटौंडा इजलासले वार्षिक लक्ष्यको ३४.०१ प्रतिशत मुद्दा फछ्र्यौट गरेको पाइयो।

चौमासिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार यस अदालतमा कार्तिक मसान्तसम्म कुल ९०८६ थान मुद्दाको लगत रहेकोमा २९५८ थान फैसला भई ६१२८ थान मुद्दा दोस्रो चौमासिकलाई जिम्मेवारी सरेको देखियो। जिम्मेवारी सरेका ६१२८ थान मुद्दामध्ये अवधिगत हिसाबमा हेर्दा ५५२१ थान मुद्दा १ वर्षभित्रका, ४०५ थान मुद्दा १ वर्षदेखि १८ महिनाभित्रका, १०६ थान १८ महिनादेखि २ वर्ष भित्रका, ९६ थान २ वर्ष नाघेका मुद्दा रहेका छन्। त्यस्तै आगामी असार मसान्तसम्म १८ महिना नाघ्ने मुद्दा संख्या ८३९ थान रहेको देखियो।

पहिलो चौमासिक समीक्षाका क्रममा यस अदालतको मासिक लक्ष्य र प्रगतिको अवस्थाको समीक्षा समेत गरियो। जसक्रममा श्रावणमा मासिक लक्ष्यभन्दा ९९ थान कम मुद्दा फैसला भएको पाइयो। त्यस्तै भाद्र महिनामा लक्ष्यभन्दा ५५ थान बढी फैसला भएको पाइयो, आश्विन महिनामा लक्ष्यभन्दा १४ थान बढी फैसला भएको देखियो भने कार्तिक महिनामा मासिक लक्ष्यको १७१ थान कम मुद्दा फैसला भएको पाइयो।

त्यस्तै गत वर्षको प्रथम चौमासिकसम्म चौमासिक लक्ष्यको ७९.४३% मुद्दा फर्छ्यौट भएकोमा यस आर्थिक वर्षको प्रथम चौमासिकमा चौमासिक लक्ष्यको ९३.५७% मुद्दा फर्छ्यौट भएको पाइयो। त्यस्तै गतवर्ष प्रथम चौमासिकसम्म वार्षिक लक्ष्यको ३२.५१% मुद्दा फर्छ्यौट भएकोमा यसवर्ष ३२.५५% फछ्र्यौट भएको पाइयो। समीक्षाका क्रममा मेलमिलापसम्बन्धी विवरणसमेत प्रस्तुत गरिएको थियो। यस अदालतको मेलमिलाप शाखामा जम्मा ४४१ थान लगत रहेकोमा हालसम्म १८% मुद्दामा मेलमिलाप प्रक्रिया सफल भएको पाइयो। त्यस्तै निवेदन प्रतिवेदनतर्फ जम्मा लगतको ४८.६८% सफलता प्राप्त भएको देखियो।

उच्च अदालत पाटनमा समीक्षा अवधिमा फरक मुद्दा व्यवस्थापन प्रणाली (DCM) अन्तर्गत सरल मार्गका २९२७ थान, सामान्य मार्गका १९ थान मुद्दा फैसला भएको पाइयो। DCM प्रणाली अन्तर्गत दोस्रो चौमासिकलाई लगत सरेका मुद्दाको संख्यामध्ये सरल मार्गमा ५९५५ थान र सामान्य मार्गमा १६५ थान मुद्दा रहेका छन्।

उच्च अदालत पाटनमा मुद्दातर्फ सबैभन्दा पुरानो मुद्दा मिति ०७६-FJ-०१६६ मिति २०७७/०३/३१ मा दर्ता भएको राजस्व चुहावटसम्बन्धी मुद्दा बाँकी रहेको छ भने निवेदन प्रतिवेदनतर्फ मिति २०८०/१२/१५ मा दर्ता भएको प्रतिवेदन नं ०८०-RE-१७३७ को मुद्दाको प्रतिवेदन बाकी रहेको छ र रिटतर्फ रिट निवेदन नं ०८०-wo-०८०४ मिति २०८०/०७/२४ मा दर्ता भएको उत्प्रेषणको रिट निवेदन बाँकी रहेको छ। चौमासिक समीक्षा अवधिभरिमा सबैभन्दा बढी फैसला गर्ने माननीय न्यायाधीश श्री कृष्णराम कोइरालालाई समीक्षा कार्यक्रममा सम्मानसमेत गरियो।

# उच्च अदालत पाटन

वर्ष १ | अङ्क ७ | इ बुलेटिन | २०८१ पुष



## समीक्षामा यस अदालत तथा मातहतका जिल्ला अदालतहरूको यस आर्थिक वर्षको पहिलो चौमासिकको मुद्दा प्रवाहको अवस्था

| सि.नं. | अदालत | लगत | | | फर्छ्यौट | प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | | | |
| १ | उच्च अदालत पाटन | ५१६२ | ३९२४ | ९०८६ | २९५८ | ३२.५६% | ६१२८ |
| २ | उच्च अदालत पाटन हेटौडा इजलास | ३७४ | ५१७ | ८९१ | ३०३ | ३४.०१% | ५८८ |
| ३ | काठमाडौं जिल्ला अदालत | २६४८८ | ८२९८ | ३४७८६ | ६२५० | १७.९७% | २८५३६ |
| ४ | भक्तपुर जिल्ला अदालत | ३९१८ | १२९३ | ५२११ | १०२४ | १९.६५% | ४१८७ |
| ५ | ललितपुर जिल्ला अदालत | ३५१८ | १५१० | ५०२८ | १०२५ | २०.३९% | ४००३ |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | १३५८ | ६६९ | २०२७ | ४८३ | २३.८३% | १५४४ |
| ७ | सिन्धुपाल्चोक जिल्ला अदालत | २६० | २८९ | ५४९ | २०५ | ३७.३४% | ३४४ |
| ८ | दोलखा जिल्ला अदालत | २०१ | १५० | ३५१ | ९६ | २७.३५% | २५५ |
| ९ | रसुवा जिल्ला अदालत | २७ | ३६ | ६३ | १७ | २६.९८% | ४६ |
| १० | रामेछाप जिल्ला अदालत | १३१ | ९५ | २२६ | ५६ | २४.७८% | १७० |
| ११ | नुवाकोट जिल्ला अदालत | २५५ | २४१ | ४९६ | १७१ | ३४.४८% | ३२५ |
| १२ | धादिङ जिल्ला अदालत | ५३१ | २८४ | ८१५ | ३४० | ४१.७२% | ४७५ |
| १३ | सिन्धुली जिल्ला अदालत | ६५९ | २८० | ९३९ | २२२ | २३.६४% | ७१७ |
| १४ | चितवनजिल्ला अदालत | १९५० | १४६५ | ३४१५ | ९२९ | २७.२०% | २४८६ |
| १५ | मकवानपुर जिल्ला अदालत | १५९७ | ७७१ | २३६८ | ६३० | २६.६०% | १७३८ |


## यस अदालतको चालु मुद्दाको अवधिगत विवरण:

| जम्मा मुद्दा संख्या | १ वर्षभित्रको | १ वर्षदेखी १८ महिनाभित्रको | १८ महिना देखि २ वर्षभित्रको | २ वर्ष नाघेको | आगामी असारमसान्तमा १८ महिना नाघ्ने | आगामी असारमसान्तमा २ वर्ष नाघ्ने |
|---|---|---|---|---|---|---|
| ६१२८ | ५५२१ | ४०५ | १०६ | ९६ | ८३९ | २७८ |

## यस अदालतको चालु आर्थिक वर्षको प्रथम चौमासिक प्रगतिको लक्ष्य र प्रगतिको मासिक तुलना




## फरक मुद्दा व्यवस्थापन प्रणाली (DCM) अन्तर्गत चालु मुद्दाको विवरण




## यस अदालतको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्ययोजनाले निर्धारण गरेका अन्य क्रियाकलापहरू

| सि.नं. | कार्य | पहिलो चौमासिक | |
|---|---|---|---|
| | | साउनदेखि कात्तिकसम्मको लक्ष्य | प्रगति |
| १ | Judicial Outreach कार्यक्रम | १ | १ |
| २ | योजना कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया | १ | १ |
| ३ | वैतनिक कानून व्यवसायीबाट कारागार भ्रमण | ८ | ४ |
| ४ | मेलमिलापसम्बन्धी कार्यक्रम | १ | १ |
| ५ | बार र बेन्चबीचको अन्तरक्रिया कार्यक्रम | १ | १ |
| ६ | टिपोट तालिम | १ | १ |
| ७ | फैसला लेखनसम्बन्धी तालिम | १ | १ |
| ८ | कर्मचारीसँगको बैठक | ४ | ५ |

# उच्च अदालत पाटन

वर्ष १ | अङ्क ७ | इ बुलेटिन | २०८१ पुष


## न्यायाधशीगत मुद्दा फछ्यौंटको विवरण

| क्र.सं | मा.न्या | श्रावण (लक्ष्य:५१) | भाद्र (लक्ष्य:६७) | असोज (लक्ष्य:३५) | कार्तिक (लक्ष्य:५८) | जम्मा (लक्ष्य:२११) |
|---|---|---|---|---|---|---|
| १ | मा .मु . श्री न्या नृपध्वज निरौला | ५७ | १०५ | ५० | ० | २१२ |
| २ | मा . न्या श्री लालबहादुर कुँवर | ६५ | १०८ | ५३ | ६४ | २९० |
| ३ | मा . न्या श्री लेखनाथ पौडेल | ५६ | १२३ | ३१ | ७६ | २८६ |
| ४ | मा . न्या श्री सुदर्शनदेव भट्ट | २९ | ७६ | ४३ | २१ | १६९ |
| ५ | मा . न्या श्री मुनेन्द्र प्रसाद अवस्थी | ४७ | ५२ | २ | ७३ | १७४ |
| ६ | मा . न्या श्री टंकप्रसाद गुरुङ्ग | ० | २८ | २६ | ४३ | ९७ |
| ७ | मा . न्या श्री रमेश ढकाल | १५ | ३० | १९ | ५ | ६९ |
| ८ | मा . न्या श्री डाल कुमार खड्का | ० | ११४ | ३५ | ६७ | २१६ |
| ९ | मा . न्या श्री अन्जु उप्रेती ढकाल | ३१ | ९६ | ४४ | ६४ | २३५ |
| १० | मा . न्या श्री ऋषि राजभण्डारी | ० | २७ | ३९ | ५२ | ११८ |
| ११ | मा . न्या श्री श्यामकुमार भट्टराई | ६५ | १०७ | ७७ | ६१ | ३१० |
| १२ | मा . न्या श्री ब्रजेश प्याकुरेल | ५३ | ९१ | ४० | ६१ | २४५ |
| १३ | मा . न्या श्री चन्द्रमणि ज्ञवाली | ५७ | ६९ | २५ | ६४ | २१५ |
| १४ | मा . न्या श्री कविप्रसाद न्यौपाने | ० | ० | ० | १४ | १४ |
| १५ | मा . न्या श्री खडानन्द तिवारी | ० | १२ | १६ | ५४ | ८२ |
| १६ | मा . न्या श्री प्रकाश खरेल | ७२ | १०० | ४८ | ६३ | २८३ |
| १७ | मा . न्या श्री कृष्णराम कोइराला | ८४ | ११० | ६२ | १०४ | ३६० |
| १८ | मा . न्या श्री नारायण प्रसाद रेग्मी | ६४ | ८४ | ६२ | ७४ | २८४ |
| १९ | मा . न्या श्री कैलाशप्रसाद सुवेदी | ५९ | ६८ | ५४ | ६३ | २४४ |
| २० | मा . न्या श्री हेमन्त रावल | ६६ | ९१ | ७१ | ६७ | २९५ |
| २१ | मा . न्या श्री सूर्यप्रसाद पराजुली | ५५ | ११८ | ३४ | ७६ | २८३ |
| २२ | मा . न्या श्री दुर्गाप्रसाद ढुङ्गेल | ५४ | ९३ | ३५ | ६५ | २४७ |
| २३ | मा . न्या श्री डिल्लीरत्न श्रेष्ठ | ६१ | ७६ | ४६ | ७२ | २५५ |
| २४ | मा . न्या श्री टीकाराम आचार्य | ९९ | ९८ | ६२ | ७१ | ३३० |
| २५ | मा . न्या श्री विदुर कोइराला | ६० | ९२ | ३२ | ८५ | २६९ |
| २६ | मा . न्या श्री पुरुषोत्तमप्रसाद ढकाल | ९८ | ९९ | ४३ | ० | २४० |
| २७ | मा.न्या श्री राज्यलक्ष्मी बज्राचार्य | १० | ० | ० | ० | १० |
| २८ | मा.न्या श्री जनक पाण्डे | ६ | ० | ० | ० | ६ |
| २९ | मा.न्या श्री दीपेन्द्र अधिकारी | ९ | ० | ० | ० | ९ |
| ३० | मा.न्या श्री धीर बहादुर चन्द | ८ | ० | ० | ० | ८ |
| ३१ | मा.न्या श्री ध्रुवराज नन्द | ६ | ० | ० | ० | ६ |
| ३२ | मा.न्या श्री श्यामजी प्रधान | ७ | ० | ० | ० | ७ |
| ३३ | मा.न्या श्री सुदर्शनराज पाण्डे | २० | ० | ० | ० | २० |
| ३४ | मा.न्या श्री हरिप्रसाद पौडेल | २२ | ० | ० | ० | २२ |

## DCM पूर्वका मुद्दा शून्य

यस अदालतमा DCM लागू हुनभन्दा पहिले दर्ता भएका मुद्दाको फर्छौट कार्य सम्पन्न भएको छ। मिति २०८१।०८।०९ मा मिति २०७७।०३।३१ मा दर्ता भएको मुद्दा नं ०७६-FJ-०१६६ को मुद्दा फछौंट भएपश्चात यस अदालतमा DCM पूर्वका मुद्दा समाप्त भएका छन्। मिति २०८२ असार मसान्तसम्म अर्थात चालु आ.व. को अन्त्यसम्म १८ महिना पुग्ने मुद्दाको संख्या मिति २०८१मंसिर मसान्तसम्म ६१९थान रहेका छन्।यस अदालतको बार्षिक कार्ययोजनाले चालु आ.व. भित्र १८ महिना पुग्ने मुद्दाको फछौंटलाई शून्यमा झार्ने लक्ष्य लिएको छ।

# उच्च अदालत पाटन

वर्ष १ अङ्क ७ इ बुलेटिन २०८१ पुष


## पूर्ण बैठक सम्पन्न



मिति २०८१।८।४ गते र ऐ. ९ गतेदेखि ११ गतेसम्म न्याय सम्पादनको कार्यलाई एकरुपता तथा थप प्रभावकारी बनाउने मूल उदेश्यका साथ यस अदालतको पूर्ण बैठक सम्पन्न भयो। कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको उक्त बैठकमा अन्य सम्पूर्ण न्यायाधीशहरु, रजिष्ट्रार तथा अन्य कर्मचारीहरुसमेतको उपस्थिति रहेको थियो।

विशेष गरी मध्यस्थकर्ताको नामावली अध्यावधिक एवं सूचिकृत गर्ने तथा आदेश/फैसला लेखनमा कार्यविधिगत एकरुपता कायम गर्ने सम्बन्धमा पेश भएको प्रतिवेदन माथिछलफल गर्ने एजेण्डाका साथ बसेको उक्त बैठकमामिति २०८१।४।२ मा मध्यस्थकर्ताको नामावली अद्यवधिक तथा नया नामावली सूचिकृत सम्बन्धमा प्रकाशित सूचनाबमोजिम पेश हुन आएका निवेदनहरुउपर छानविन गरी नया ८८ र अद्यवधिक २३ जनाको नामावली स्वीकृत गरियो।यसैगरी आदेश/फैसला लेखनमा कार्यविधिगत एकरुपता कायम गर्ने सम्बन्धमा माननीय न्यायाधीश श्री लेखनाथ पौडेलको अध्यक्षतामा गठित समितिबाट पेश भएको प्रतिवेदनउपर छलफल भई सर्वसम्मत पारितसमेत गरियो। सो क्रममा उठेका विभिन्न जिज्ञासाहरुको सम्बन्धमा कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले सम्बोधन गरी बैठक समापन गरिएको थियो।

## पेशी व्यवस्थापन समितिको बैठक सम्पन्न

मिति २०८१।८।१६ गते मुद्दा फछ्र्यौट गर्न इजलासमा पेश हुने मुद्दालाई थप व्यवस्थित गर्दै जाने उदेश्यका साथ पेशी व्यवस्थापन समितिको बैठक सम्पन्न भयो। माननीय कायम मुकायम मुख्य न्यायाधीश लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको उक्त बैठकले यस अघि निर्धारण गरिएको विभिन्न फाँटको कोटामा परिमार्जन गर्ने समेतका निर्णय गरेको थियो। सो अनुसार बाणिज्य फाँटको लागि सोमबार तोकिएको १० वटा मुद्दाको कोटालाई ८ वटा कायम गरी बुधबार ७ वटा नयाँ कोटो तोक्ने, बाणिज्य अन्य फाँटको लागि बुधबार थप १० वटा कोटा तोक्ने,रिट फाँटका लागि बुधबार तोकिएको १८० निवेदनको कोटा घटाई १६० वटा कायम गर्ने र निवेदन/प्रतिवेदन फाँटका लागि शुक्रबार ३० वटा देवानी मुद्दाहरुको कोटा थप गरी २ वटा इजलासबाट १५/१५ वटा निवेदन/प्रतिवेदन हेर्ने गरी निर्णय भएको छ। यसैगरी अन्तरिम आदेश छलफलको लागि सोमबार बिहिबार र शुक्रबार पेश हुने गरेकोमा अब त्यस्तो छलफलको लागि सोमबार र शुक्रबारको पेशी यथावत राखी बुधबारको दिनमा बाणिज्य र बाणिज्य अन्य समुहमा नपर्ने गरी पेशी व्यवस्थापन गर्ने निर्णय भएको छ।

## उपत्यकाका वैतनिक कानून व्यवसायी तथा कारागार प्रशासनसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८१।८।२३ गते उपत्यकाका अदालतमा रहेका वैतनिक कानून व्यवसायी, कारागार व्यवस्थापन विभाग तथा कारागार कार्यालयहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। यस अदालतका कायम मुकायम माननीय मुख्य न्यायाधीश लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा माननीय न्यायाधीशहरु श्यामकुमार भट्टराई,ब्रजेश प्याकुरेल, प्रकाश खरेल, सूर्यप्रसाद पराजुली, रजिष्ट्रार श्रीलाल पौडेल, कारागार व्यवस्थापन विभागका महनिर्देशक नारायणप्रसाद भट्टराई, कारागार कार्यालय नख्खु तथा डिल्लिबजारका कारागार प्रशासक, उपत्यकाका अदालतमा रहेका वैतनिक कानून व्यवसायीहरु तथा यस अदालतका अन्य कर्मचारीहरुसमेतको उपस्थिति रहेको थियो।उक्त कार्यक्रममा वैतनिक कानून व्यवसायीले कारागार भ्रमण गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरु, भ्रमणको क्रममाथुनुवा/कैदिले अदालतसमक्ष राखेका अपेक्षाहरु, थुनुवा/कैदिलाई मुद्दाको पेशीसमेतको बारेमा जानकारी गराउनेसमेतका विषयमा छलफल भएको थियो।



सो क्रममा सहभागी वैतनिक कानून व्यवसायीले कारागार भ्रमण गर्दा भएका गतिविधिहरु तथा आफूले गर्दै आएका कार्यसम्पादनसमेतका बारेमा जानकारी गराउनुभएको थियो।सहभागी कारागार कार्यालयका प्रमुख तथा प्रतिनिधिले आ-आफ्नो कार्यालयका रहेका थुनुवा कैदीका अपेक्षासमेतका बारेमा जानकारी गराउनुभएको थियो भने कारागार व्यवस्थापन विभागका महानिर्देशक श्री नारायण भट्टराईले कारागारमा भएका समस्यालाई निराकरण गरी अदालतको अपेक्षानुसार कार्य गर्न तत्कालै कारागार कार्यालयहरुलाई निर्देशन दिने प्रतिवद्धता जनाउनुभएको थियो। सो छलफलमा अदालतबाट कारागार निरीक्षण गरी सुधारका लागि दिएका निर्देशनको पालनाका बारेमा पनि छलफल भएको थियो।

छलफलमा उठेका विभिन्न विषयलाई सम्बोधन गर्ने क्रममा माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले अदालतमा मुद्दा सुनुवाईको क्रममा भइरहेको स्टाटस थुनुवा/कैदीले देखिने गरी कारागार कार्यालयमा राख्न पहल गर्नुपर्ने, कानून व्यवसायी राख्न नसक्ने थुनुवाको तथ्याङ्क संकलन गरी त्यस्ता थुनुवा/कैदीको मुद्दाको प्रतिरक्षा वैतनिक कानून व्यवसायीले गर्नुपर्ने, वैतनिक कानून व्यवसायीहरुले आफूले गरेको कार्यसम्पादनको मासिक प्रतिवेदन बनाई अदालतमा पेश गर्नुपर्ने, बैतनिक कानून व्यवसायीहरुले मातअतका अदालतका वैतनितक कानून व्यवसायीको विवरणसमेत एकीन गरी आवसी समन्वय गरी कार्य गर्नुपर्ने भनी निर्देशनात्मक भनाई राख्दै उक्त कार्यक्रम समापन गर्नुभएको थियो।

# उच्च अदालत पाटन

वर्ष १ अङ्क ७ इ बुलेटिन २०८१ पुष

## अदालतका विभिन्न समितिको बैठक सम्पन्न

अदालतका कामकारवाहीलाई थप प्रभावकारी बनाउदै मुद्दाको फछ्र्यौट संख्यालाई लक्ष्यभन्दा अधिकाधिक बनाउन यस अदालतमा गठन भएका विभिन्न समितिहको बैठक सम्पन्न भएको छ। सम्बन्धित समितिमा रहनुहुने माननीय न्यायाधीश, रजिष्ट्रार तथा सम्बन्धित फाँटका सुपरिवेक्षक तथा कर्मचारीहरुसमेतको उपस्थितिमा सम्पन्न भएका उक्त बैठकमा प्रत्येक फाँटमा रहेका जम्मा मुद्दा संख्या,अहिले तथा चालु आ.ब. को अन्त्यसम्म १८ महिना तथा २ बर्ष नाघ्ने मुद्दा संख्या, पेशीमा चढाउन ढिला भएका वा पेशी नै नचढेका मुद्दा संख्या र पेशीमा नचढ्नुको कारण,मुद्दामा छिटो अंग पुर्‍याई पेशीमा चढाउन गर्नुपर्ने कामकारवाहीसमेतका समग्र विषयमा छलफल भएको थियो। सो क्रममा आ-आफ्नो फाँटमा भएका मुद्दाको अवस्थासहित कामकारवाहीको क्रममा आइपर्ने समस्याहरुसमेतको वारेमा सुपरिवेक्षक तथा अन्य कर्मचारीहरुले भनाई राखुभएको थियो।



बैठकमा उठेका विषय तथा न्यायिक कामकारवाहीलाई थप प्रभावकारी बनाउँदै मुद्दाको फछ्र्यौटलाई लक्ष्यभन्दा बढी बनाउने विभिन्न उपायहरुका बारेमा सम्बन्धित समितिका माननीय न्यायाधीश तथा रजिष्ट्रारसमेतले कर्मचारीहरुलाई निर्देशित गर्नुभएको थियो।साथै न्यायसम्पादन कार्यलाई थप प्रभावकारी बनाई समयमा न्याय निरुपण गर्ने प्रमुख लक्ष्यका साथ ल्याइएको कार्यतालिकासहितको अवधारणा फरक मुद्दा व्यवस्थापनको कार्यान्वयनको क्रममा आइपरेका समस्या तथा त्यस्ता समस्या समाधानको लागि गर्नुपर्ने कार्यान्वयनयोग्य सुझाव पठाउनु भनी सम्मानित सर्वोच्च अदालतबाट माग भएबमोजिम यस अदालतमा रहेको फरक मुद्दा ब्यवस्थापन सम्बन्धी समितीको बैठक बसी मातहतका जिल्ला अदालतसमेतबाट सोसँग सम्बन्धीत सुझाव संकलन गरीएको थियो। जिल्लासमेतबाट प्राप्त सुझावसमेतलाई सम्वोधन हुने गरी प्रतिवेदनसमेत तयार गरी सर्वोच्च अदालतमा पठाइएको थियो।

## मातहतका अदालतसँग विद्युतीय माध्यमबाट छलफल सम्पन्न



मिति २०८१।८।२५ गते मातहतका अदालतसँग न्यायसम्पादनका समग्र विषयमा केन्दीत भई छलफल कार्यक्रम सम्पन्न भयो। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा बरिष्ठ न्यायाधीश श्री लेखनाथ पौडेल, रजिष्ट्रार श्री श्रीलाल पौडेल तथा अन्य कर्मचारीहरुसमेतको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा मातहतका जिल्ला अदालतका माननीय न्यायाधीशहरु, स्रेस्तेदारहरु तथा अन्य कर्मचारीहरुसमेत विद्युतिय माध्यामबाट जोडिनुभएको थियो।बार्षिक कार्ययोजनाले लिएका लक्ष्य कार्यान्वयनको अवस्था, निरीक्षणका क्रममा दिइएका सुझाबहरुको कार्यान्वयनको अवस्था, अर्धबार्षिक समीक्षा कार्यक्रमको तयारी, माग भएका शुरु मिसिल पठाउने तथा समयमा म्याद तामेल गराउने, म्याद तामेली लगत किताब चुस्त दुरुस्त राख्ने आफ्नो अदालतमा भएका पुराना मुद्दाको फछ्र्यौटमा भए/गरेका प्रयासहरुसमेतका विषयमा छलफल भएको उक्त कार्यक्रममा विद्युतीय माध्यामबाट जोडिनुभएका माननीय न्यायाधीशहरु तथा स्रेस्तेदारहरुले आफ्नो अदालतमा हालको मुद्दाको लगतसहितको तथ्याङ्कगत विवरणसहित उल्लेखित विषयमा आ-आफ्नो धारणासहित छलफलमा भाग लिनुभएको थियो। सो क्रममा माननीय न्यायाधीशहरुले समयमा माग भएका शुरु मिसिल पठाउन, तोकिएको समयमानै म्याद तामेली गरी पठाउन, पुराना मुद्दा फछ्र्यौटमा अधिकाधिक प्रयत्न गर्न, गत आ.ब.मा निरीक्षणको क्रममा दिइएका निर्देशन कार्यान्वयन गर्न आफूहरु प्रयासरत रहिआएको जानकारी गराउदै छलफलमा भाग लिनु भएको थियो।

उक्त कार्यक्रममा यस अदालतका वरिष्ठ न्यायाधीश श्री लेखनाथ पौडेलले भएका कर्मचारीलाई अधिकाधिक उपयोग गरी योजनाले लिएका लक्ष्य उदेश्य पूरा गर्न प्रयत्नशील रहनुपर्ने भनी मातहतका अदालतलाई निर्देशन दिनुभएको थियो। छलफलमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्ने क्रममा माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले हरेक जिल्ला अदालतमा भएका DCM पूर्वका मुद्दा तथा पुराना मुद्दालाई प्राथमिकतामा राखी चालु आ.ब. भित्रमा फछ्र्यौट गरिसक्नुपर्ने, आगामी अर्धबार्षिक समीक्षामा योजनाले राखेका लक्ष्य पूरा गर्न प्रयासरत रहनुपर्ने, न्यायसम्पादन प्रक्रियामा मेलमिलाप पद्दतीलाई महत्व दिनुपर्ने, उच्च अदालतमा पठाउनुपर्ने शुरु मिसिल समयमा पठाई म्याद तामेलीमासमेत सहयोग गर्नुपर्ने, गत आ.ब. को निरीक्षणको क्रममा दिइएका सुझाबहरु कार्यन्वयनमा ध्यान दिनुपर्ने भन्ने समेतका विषयमा केन्द्रित रही मातहतका जिल्ला अदालतलाई निर्देशन दिँदै उक्त कार्यक्रमलाई समापन गर्नुभएको थियो।

# उच्च अदालत पाटन

वर्ष १ अङ्क ७ इ बुलेटिन २०८१ पुष


## उच्च अदालत पाटन, हेटौडा इजलासको समीक्षा कार्यक्रम सम्पन्न



मिति २०८१।८।१८ गते उच्च अदालत पाटन, हेटौडा इजलासको प्रथम चौमासिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री यमुना भट्टराईको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा सो अदालतका अन्य माननीय न्यायाधीशहरु, रजिष्ट्रार, उच्च सरकारी वकिल कार्यालय, हेटौडाका सहन्यायाधीवक्ता, चितवन र मकवानपुर जिल्लाका अदालतका माननीय न्यायाधीशहरु, श्रेस्तेदारहरु, जिल्ला न्यायाधीवक्ता, उच्च बार तथा जिल्ला बार इकाइका अध्यक्षहरु तथा हेटौडा इजलासका अन्य कर्मचारीको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा उच्च अदालत पाटन, हेटौडा इजलासको तर्फबाट उप-रजिष्ट्रार केशरनाथ अर्याल, जिल्ला अदालत चितवनका श्रेस्तेदार विष्णुप्रसाद आचार्य तथा मकवानपुर जिल्ला अदालतका श्रेस्तेदार रोशी भण्डारीले आ-आफ्नो अदालतको लक्ष्य तथा प्रगतिको सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएपश्चात सो सम्बन्धमा छलफल भएको थियो। सो कार्यक्रममा माननीय जिल्ला न्यायाधीशहरुले दरवन्दी अनुसारका कर्मचारी नहुँदा कार्यसम्पादनमा समस्या भएकोले सोतर्फ पहल गरिदिनुहुन अनुरोध गर्दै आ-आफ्नो भनाइहरुसहित छलफलमा भाग लिनुभएको थियो भने बार एकाइका प्रमुखहरुसमेतले उक्त समिक्षा कार्यक्रमको सफलताको शुभकामनासहित आफ्नो भनाई राखुभएको थियो। कार्यक्रममा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्दै मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री यमुना भट्टराईले उक्त समिक्षा कार्यक्रमलाईसमापन गर्नुभएको थियो।

## जिल्ला न्यायक्षेत्र समन्वय समितिको बैठक सम्पन्न

काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मिति २०८१।८।१३ गते न्याय सम्पादनको कार्यलाई छिटो छरितो तथा थप प्रभावकारी बनाउदैन्यायिक निकायहरूबीचको काम कारवाहीमा समन्वय गर्ने प्रमुख उदेश्यका साथ जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठक सम्पन्न भएको थियो। प्रमुख भई काम गर्नु हुने माननीय न्यायाधीश मातृकाप्रसाद आचार्यको अध्यक्षतामा बसेको उक्त बैठकमा माननीय न्यायाधीश शिबकुमार पोखरेल, प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, श्रेस्तेदार, जिल्ला न्यायाधीवक्ता, प्रहरी उपरिक्षक, प्रमुख मालपोत अधिकृत, प्रमुख नापी अधिकृत समेतका समितिका सदस्यहरु तथा अन्य आमन्त्रित सदस्यहरुसमेतको उपस्थिति रहेको थियो। बैठकमा अदालतबाट भएका फैसला तथा आदेशको प्रभावकारी कार्यान्वयन गर्न, सरकारवादी फौजदारी मुद्दामा अंग पुऱ्याउने कार्यमा आवश्यक कार्य गर्दै फरार रहेका प्रतिवादीहरुलाई आवश्यक कारवाही गर्नआ-आफ्नो तहबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने भन्ने निर्णय गरिएको थियो।

यसैगरी मालपोतकार्यालयबाट माग भएको दर्ता श्रेस्ता तथा नापी कार्यालयबाट माग भएको नक्सा, फिल्डबुकसमेत विभिन्न निर्णय भएका फाइलहरु यथासक्य छिटो पठाई



न्यायिक कार्यमा सहयोग तथा समन्वय गर्ने निर्णयसमेत उक्त बैठकमा गरिएको थियो। छलफलमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्ने क्रममा प्रमुख भई काम गर्नु हुने माननीय न्यायाधीश श्री आचार्यले न्यायीक कार्यलाई छिटोछरितो, सर्वसुलभ, प्रभावकारी एवं थप व्यवस्थित गर्न उपस्थित हुनुहुने सबै क्षेत्र/निकायबाट आवश्यक सहयोग तथा समन्वय भइरहेको र सो कार्यका लागि सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत सहयोगको अपेक्षा राख्दै उक्त बैठक समापन गर्नुभएको थियो।

## सेवाग्राहीसँग छलफल (MEET THE JUDGE) कार्यक्रम सम्पन्न



मिति २०८१।८।२६ गते यस अदालतमा आएका सेवाग्राहीसँग अदालतले प्रदान गरेका सेवाको सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा उपरजिष्ट्रार श्री लेखनाथ पौडेल, अन्य अधिकृत कर्मचारी तथा सेवाग्राहीको उपस्थिति रहेको थियो। अदालतबाट प्रदान गरिने सेवा तथा त्यस्ता सेवा प्रवाह गर्ने कर्मचारहरुप्रति सेवाग्राहीको के-कस्तो गुनासाहरु रहेका छन? आगामी दिनमा अदालतबाट प्रवाह गरिने सेवामा सेवाग्राहीले अपेक्षा गरेका विषयहरु के कस्ता हुन सक्छन? उत्कृष्ट सेवा प्रवाहमा अदालत तथा कार्यरत कर्मचारीले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने सम्बन्धमा सेवाग्राहीसँग छलफल भएको उक्त कार्यक्रममा उपस्थित सेवाग्राहीले अदालतबाट प्रदान गरिदै आएका सेवा तथा सेवा प्रवाह गर्ने कर्मचारीहरुको तौरतरिकासमेतका विषयमा आ-आफ्नो भनाई राखुभएको थियो। उपस्थित सेवाग्राहीको गुनासो सम्बोधन गर्ने क्रममा कायम मुकायम मुख्य न्यायाधीश कुँवरले सेवाग्राहीले राखेको अपेक्षानुसार सेवा प्रवाह गर्न अदालत सदैव प्रयत्नशील रहेको र आगामी दिनमासमेत रहिरहने प्रतिवद्धता जनाउदै उक्त कार्यक्रम समापन गर्नुभएको थियो।

# उच्च अदालत पाटन

वर्ष १ | अङ्क ७ | इ बुलेटिन | २०८१ पुष

## उच्च अदालत पाटन, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका जिल्ला अदालतमा रहेका बैतनिक कानून व्यवसायीको नाम, थर तथा सम्पर्क नम्वरहरु



दिवाकर पुरी
९८४७१६७८७४
उच्च अदालत पाटन



विश्वराज अधिकारी
९८५११११५००
धादिङ जिल्ला अदालत



नवदिप श्रेष्ठ
९८५१११०६४५
नुवाकोट जिल्ला अदालत



राजेन्द्र नारायण श्रेष्ठ
९८५१००६८७६
दोलखा जिल्ला अदालत



नोर्वु लामा
९८४३६९५५९१
रसुवा जिल्ला अदालत



रमिता चौलागाई
९८४५८६८६३८
मकवानपुर जिल्ला अदालत



सुनिता अधिकारी
९८४५९२०७४५
चितवान जिल्ला अदालत



मोहनराज गिरी
९८४३०९४४८०
सिन्धुपाल्चोक जिल्ला अदालत



श्रद्धा ढुङ्गाना
९८६५०२९४६१
उच्च अदालत पाटन, हेटौडा इजलास



पाण्डवप्रसाद प्रसाई
९८५४०४०८५५
रामेछाप जिल्ला अदालत



मदन बराल
९८४४२१६९५४
सिन्धुली जिल्ला अदालत



तेज कुमारी तिवारी
९८४१७०२३८७
ललितपुर जिल्ला अदालत



किशोर खत्री
९७६४३९९०८५
काठमाण्डौ जिल्ला अदालत



शेषांक गिरी
९८५११६२९९२
भक्तपुर जिल्ला अदालत



नारायण ध्वज तामाङ
९८४१००८०७९
काभ्रेपलाञ्चोक जिल्ला अदालत

## इ बुलेटिन प्रकाशन/सम्पादन समितिको बैठक सम्पन्न



मिति २०८१।८।२७ गते इ-वुलेटिन प्रकाशन/सम्पादन समितिको बैठक सम्पन्न भएको छ। प्रकाशन समितिका संयोजक माननीय न्यायाधीश श्री श्यामकुमार भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा समितिका सदस्यहरु माननीय न्यायाधीश श्री दुर्गाप्रसाद ढुङ्गेल, रजिष्ट्रार श्री श्रीलाल पौडेलसमेत अन्य सदस्यहरुसमेतको उपस्थिति रहेको थियो। सो बैठकमा हालसम्म भएको प्रकाशनलाई समीक्षा गर्दै आगामी दिनमा उच्च अदालत पाटन, हेटौडा इजलास तथा मातहतका जिल्ला अदालतसमेतबाट लेख रचना तथा अदालतका नियमित गतिविधि माग गर्ने, यस अदालतमा आगामी असार महिनासम्म १८ महिना पुग्ने मुद्दाको संख्यागत विवरण र त्यस्ता मुद्दालाई फर्छ्यौट गर्न गरेको प्रयासलाई निरन्तर अपडेट गर्नेसमेतका विषयमा छलफल भएको थियो।

## फरक मुद्दा व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८१।८।२८ गते न्यायिक कामकारवाहीसँग सम्बन्धित फरक मुद्दा व्यवस्थापन(DCM) को सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।यस अदालतको इजलास तथा फाँटमा काम गर्ने कर्मचारीहरुसमेतको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा माननीय न्यायाधीश श्री सूर्यप्रसाद पराजुलीले सो सम्बन्धमा कार्यपत्रसमेत प्रस्तुत गर्दै प्रशिक्षण दिनुभएको थियो। सो क्रममा फरक मुद्दा व्यवस्थापनको अवधारणा, समस्या, उदेश्य, यस



सम्बन्धमा हालसम्म गरिएका प्रयासहरु, न्यायापालिकाको रणनितिक योजना अनुसार फरक मुद्दा व्यवस्थापनले न्यायिक कार्यमा गरेको योगदान, यसको हालको कार्यान्वयनको अवस्था, मार्ग समूह निर्धारण गरिने आधारहरु, समूह परिवर्तन गर्ने आधार तथा सोसँग जिम्मेवार पदाधिकारी, यसका चुनौती, सुधार गर्न पहल गर्नुपर्ने कुराहरुसमेतको सम्बन्धमा प्रशिक्षक तथा उपस्थित कर्मचारीहरुबीच वृहतरुपमा छलफल/अन्तरक्रिया भएको थियो। अन्त्यमा माननीय न्यायाधीश श्री पराजुलीले प्रस्तुत छलफलमा सिकेका कुराहरुलाई न्यायिक कार्यमा व्यवहारतः अनुसरण गर्दै जानेमा आफू विश्वस्त रहेको भन्दै उक्त कार्यक्रम समापन गर्नुभएको थियो।

## सुपरिवेक्षकहरूसँग छलफल कार्यक्रम सम्पन्न



मिति २०८१।८।२० गते यस अदालतका सबै फाँटका सुपरिवेक्षकहरुसमेतसँग न्यायसम्पादन कार्यका सम्बन्धमा छलफल भयो। रजिष्ट्रार श्री श्रीलाल पौडेलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा फाँटका सुपरिवेक्षकसमेतका कर्मचारीहरुको सहभागिता रहेको थियो। सो क्रममा प्रत्येक फाँटमा हालसम्म भएका मुद्दाको जम्मा लगत संख्या, फछ्र्यौट भएका मुद्दाको संख्या, आगामी असार मसान्तसम्म १८ महिना अवधि पुग्ने मुद्दाको संख्या, नियमित पेशीमा चढ्न नसकेका मुद्दाको संख्या, पेशी चढ्न नसक्नुको कारणसमेतका विषयमा छलफल भएको थियो।सहभागी हुनुभएका फाँटका सुपरिवेक्षकहरुले आफ्नो फाँटको मुद्दाको लगतसमेतको अवस्थाको जानकारी गराउदैशुरु अदालतबाट शुरु मिसिल नआएको तथा समयमा म्याद तामेली नभएकोसमेतबाट पर्याप्त मुद्दा पेशी चढ्न नसकेका कारण पुराना मुद्दा फछ्र्यौटमासमेत समस्या भएकोभनी छुट्टाछुट्टै भनाईहरु राख्नुभएको थियो।

छलफलमा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्ने क्रममा रजिष्ट्रार पौडेलले आफू पुराना मुद्दा फछ्र्यौटको लागि मुद्दाको अंग पुऱ्याउन तपाइहरुसँगै हातेमालो गर्दै अगाडि बढ्न तयार रहेको, सबैको सामुहिक प्रयासबाट मात्र उक्त कार्य सम्भव भएकोले सबैले साथ दिनुपर्ने र आगामी असार मसान्तसम्म १८ महिना अवधि पुग्ने मुद्दालाई विशेष प्राथमिकतामाराखी यही पुष मसान्तसम्म त्यस्ता मुद्दाको अंग पुऱ्याई पेशीमा राख्न निर्देशन दिनुभएको थियो।अब प्रत्येक विहिबार सुपरिवेक्षकसँग नियमित छलफल गर्ने र सो छलफलमा सुपरिवेक्षकले हालसम्म भएको प्रगती र आगामी हप्तामा भएको प्रगतिसहित आ-आफ्नो लगतको तथ्याङ्कगत प्रगति विवरणसमेत तयार गरी उपस्थित हुन निर्देशित गर्दै रजिष्ट्रार श्री पौडेलले उक्त छलफलको समापन गर्नुभएको थियो।

## मेलमिलापकर्ताको सपथ कार्य सम्पन्न



हरेक बर्ष नया मेलमिलापकर्ताको सूचिकृत तथा पुराना मेलमिलापकर्ताको अद्यावधिक गर्ने प्रयोजनार्थ यस बर्षको लागि मिति २०८१।४।२ मा सूचना प्रकाशित भएको थियो। उक्त सूचनाबमोजिम मिति २०८१।८।७ मा नया सूचिकृत मेलमिलापकर्ताको सपथ कार्यक्रम सम्पन्न भयो। माननीय कायम मुकायम मुख्य न्यायाधीश लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा यस अदालतका माननीय न्यायाधीश ब्रजेश प्याकुरेल, रजिष्ट्रार श्रीलाल पौडेल, उच्च अदालत, बार एशोसियसनका सचिव प्रवल शर्मा तथा यस अदालतका अन्य कर्मचारीहरुसमेतको उपस्थिति रहेको उक्त कार्यक्रममा माननीय कायम मुकायम मुख्य न्यायधीश कुँवरले उपस्थित मेलमिलापकर्तालाई सपथ खुवाउनुभएको थियो। उक्त कार्यक्रममा ७२ जना मेलमिलापकर्ताको सहभागिता रहेको थियो। सो क्रममा सपथ लिनुहुने सम्पूर्ण मेलमिलापकर्तालाई कायम मुकायम मुख्य न्यायाधीश लालबहादुर कुँवरले उच्च मनोवलका साथ मेलमिलाप कार्य सम्पन्न गरी न्याय/विवाद निरुपण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न अनुरोधसमेत गर्नुभएको थियो। सोपश्चात चालु आ.ब. को लागि पुराना १७२ जना मेलमिलापकर्ताको नामावली अद्यवधिकसमेत गरिएको थियो।



उच्च अदालत पाटन

वर्ष १ अङ्क ७ इ बुलेटिन २०८१ पुष

## लेख/रचना

# अदालतको संरचना र क्षेत्राधिकार



नरिश्वर भण्डारी
माननीय न्यायाधीश,
उच्च अदालत जनकपुर

## विषय प्रवेश

न्याय प्रशासन परम्परागत र आधुनिक दुवै राज्य व्यवस्थाको अहं र प्राथमिक कार्य हो। व्यक्तिलाई राज्यबाट प्रत्याभूत गरिएका हकको प्रचलन गराउने र सो हकको उल्लंघन गर्नेलाई दण्डित गर्ने कार्य न्याय प्रशासनमा हुन्छ। न्याय प्रशासनको कार्य राज्यको प्रमुख अंग मध्ये न्यायपालिकाबाट सम्पादन हुन्छ। न्यायपालिका विभिन्न तहका अदालत र न्यायिक निकायको एकीकृत रुप हो। यो विभिन्न तहमा संरचित र श्रेणित हुन्छ। प्रत्येक तहका आ-आफ्नै कार्यगत सीमा हुन्छन्। यी कानूनद्वारा नै निर्धारित हुन्छन्। यी निर्धारित सीमा नाघी कार्य भएमा ती कार्यले कानूनी मान्यता पाउँदैनन्। नेपालमा पनि न्याय प्रशासनको कार्य विभिन्न तहका अदालत र न्यायिक तथा अर्धन्यायिक निकायबाट हुने गरेको छ। संविधान र विभिन्न कानूनमार्फत यी निकायको गठन र क्षेत्राधिकार तय गरिएको छ। प्रस्तुत आलेखमा नेपालमा न्याय प्रशासनको व्यवस्थापन र सम्पादन गर्ने अदालत र न्यायिक निकाय, तिनीहरुको संवैधानिक र कानूनी क्षेत्राधिकार, त्यसको अभ्यासमा देखिएका केही समस्या र चुनौतीहरुको बारेमा उल्लेखन र विवेचना गर्ने प्रयास भएको छ।

### अधिकारक्षेत्रको अर्थ, महत्व

अधिकारक्षेत्रलाई सामान्य अर्थमा न्यायिक वा अर्ध न्यायिक निकायले मुद्दा हेर्ने र निर्णय गर्न पाउने अधिकारको रूपमा बुझ्ने गरिन्छ। गैर कानूनी काम गर्ने गराउनेका विरुद्ध उजूरी लिई प्रमाणको आधारमा निर्णय गर्न पाउने कानूनद्वारा प्रदत्त अधिकारलाई अधिकारक्षेत्र भनिन्छ।

Oxford Reference Dictionary माअधिकारक्षेत्र (Jurisdiction) लाई System of Courts, the official power to make legal decision, the area over which the legal authority of Court or other institutions extends भनिएकोछभनेBlack's law DictionaryमाJurisdiction defines the powers of Courts to inquire into facts, apply the law, make the decisions and declare judgement; power and authority of Court to hear and determine a judicial proceeding and power to render particular judgement ; the right of Court to adjudicate concerning the subject matter in a given case; areas of authority, the geographic area in which a court has power or types of cases it has power to hear भनी ब्याख्या गरिएको पाइन्छ। कुनै अदालतले मुद्दा सुन्न र निर्णय गर्न पाउने अधिकार मात्र नभई त्यस्तो निर्णय लागू गर्ने अधिकारलाई समेत क्षेत्राधिकार भन्ने गरिन्छ।

उपरोक्त परिभाषा समेतको आधारमा एउटा निष्कर्ष के निकाल्न सकिन्छ भने अधिकारक्षेत्रका लागि **कानूनद्वारा स्थापित निकाय** (न्यायिक वा अर्धन्यायिक), **कानूनद्वारा तोकिएको अख्तियारी, निर्णय गर्न पाउने अधिकार र सो निर्णय कार्यान्वयन गर्ने क्षमता** जस्ता कुराहरू अत्यावश्यक तत्व (Elements) मानिन्छन्।

न्याय सम्पादन प्रक्रियामा अधिकारक्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। कुनै विवादित विषयमा कुनै न्यायिक वा अर्ध न्यायिक निकायलाई उजूरी लिने र निर्णय गर्ने अधिकार छ कि छैन भन्ने कुरालाई ज्यादै कठोरताका साथ हेर्ने गरिन्छ। रिट क्षेत्रमा अधिकारक्षेत्रको प्रश्नलाई केन्द्र भागमा राखेर रिट जारी गर्ने वा नगर्ने कुराको निर्णय गरिन्छ, त्यसैले अधिकारक्षेत्रलाई न्याय सम्पादनमा ज्यादै गम्भीरतापूर्वक लिने गरेको पाईन्छ।

### अधिकारक्षेत्रका प्रकार

अधिकारक्षेत्रलाई मुख्यतः साधारण अधिकारक्षेत्र, असाधारण अधिकारक्षेत्र, शुरु अधिकारक्षेत्र, पुनरावेदकीय अधिकारक्षेत्र, विषयवस्तुको आधारमा अधिकारक्षेत्र, प्रादेशिक अधिकारक्षेत्र र आर्थिक अधिकारक्षेत्रको आधारमा वर्गीकरण गर्ने गरिएको पाईन्छ।

### साधारण अधिकारक्षेत्र

अदालतहरूले कानूनको अधीनमा रही मुद्दा मामिला आफूकहाँ दर्ता गराउने, प्रतिवादी झिकाउने, साक्षी सवुत प्रमाण बुझ्ने, फैसला गर्ने, प्रतिवेदन सुन्ने, पुनरावेदन सुन्ने, फैसला कार्यान्वयन गर्ने लगायतका कामहरू गर्दछन्। यसलाई साधारण अधिकारक्षेत्र भनिन्छ। यस्तो अधिकारक्षेत्र कानूनद्वारा निर्धारित गरिएको हुन्छ। साधारण अधिकारक्षेत्र अन्तर्गत शुरु मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकार हुन सक्छन्। यो अधिकारक्षेत्र सर्वोच्च अदालत लगायतका प्रत्येक तहका अदालतले कानूनद्वारा

निर्धारित गरे अनुसार प्राप्त गरेका हुन्छन्। न्याय प्रशासन ऐन, २०७३ को दफा ७ देखि १५ सम्म गरिएका व्यवस्थालाई साधारण अधिकारक्षेत्रको उदाहरणको रूपमा उल्लेख गर्न सकिन्छ।

**असाधारण अधिकारक्षेत्र**

नागरिकका मौलिक एवं संवैधानिक हकको उपचारको साथै उपचारको व्यवस्था नभएको कानूनी हक वा भएको उपचार पनि पर्याप्त र प्रभावकारी नभएको कानूनी हकको उपचार प्रदान गर्न उच्चतम अदालतको क्षेत्राधिकारलाई असाधारण अधिकारक्षेत्र भनिन्छ। यस्तो अधिकार देशको सर्वोच्च अदालत र उच्च अदालतलाई संविधानले नै प्रदान गरेको हुन्छ। यस अधिकारक्षेत्रबाट संविधान प्रतिकूलका कानून बदर गर्ने र सरकारले गरेका कानून प्रतिकूल निर्णय एवं काम कारवाही बदर गरिन्छ। अर्को अर्थमा यसलाई रिट क्षेत्राधिकार पनि भन्ने गरेको पाईन्छ। हाम्रो देशमा सर्वोच्च अदालतलाई संविधान प्रतिकूलका कानून बदर गर्नेसमेतको यस्तो अधिकार प्राप्त छ। तर उच्च अदालतलाई कानून बदर गर्ने बाहेकको रिट अधिकार क्षेत्र प्राप्त छ।

**शुरु क्षेत्राधिकार**

मुद्दाको उजूरी वा फिराद वा अभियोग लिई त्यस उपर छानविन गरी सवुत प्रमाण बुझी निर्णय गर्न पाउने अधिकारक्षेत्रलाई शुरु अधिकारक्षेत्र भनिन्छ। मूलतः शुरु तहका अदालतले प्राप्त गर्ने अधिकार नै शुरु अधिकारक्षेत्र हो। विशुद्ध शुरु तहको कारवाही किनारा गर्ने निकाय वा अधिकारीले पुनरावेदन तहको कारवाही र किनारा गर्न नपाउने गरिएको हुन्छ। जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय जस्ता निकायले शुरु क्षेत्राधिकार ग्रहण गर्दछन्। विशेष अदालत र वैदेशिक रोजगार न्यायाधिकरणले पनि शुरु क्षेत्राधकार अन्तर्गत मुद्दाको कारवाही र किनारा गर्दछन्। हाम्रो कानून प्रणालीमा जिल्ला अदालतलाई शुरु क्षेत्राधिकार रहे पनि न्यायिक समिति र केही अर्ध न्यायिक निकायले गरेको निर्णय वा फैसला उपर पुनरावेदन सुन्ने अधिकार समेत रहेको छ।

**पुनरावेदकीय अधिकारक्षेत्र**

कुनै मुद्दा मामिलामा शुरु तहबाट भएको निर्णय उपर पुनरावेदन गर्न पाउने गरी कानूनले नै व्यवस्था गरेको छ र पुनरावेदन गर्ने निकाय समेत तोकेको छ भने त्यसलाई पुनरावेदकीय क्षेत्राधिकारभनिन्छ। हाम्रो न्याय प्रशासनमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतलाई पुनरावेदकीय अधिकारक्षेत्र प्रयोग गर्ने निकाय तोकिएको छ। त्यसै गरी राजश्व सम्बन्धी मुद्दामा राजश्व न्यायाधीकरण, श्रम सम्बन्धी मुद्दामा श्रम अदालत, कर्मचारीको सरुवा र विभागीयकारवाही गरेको तथा नोकरीबाट हटाएको मुद्दामा प्रशासकीय अदालतले समेत पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गरेका छन्। कतिपय मुद्दामा पुनरावेदन सुन्ने अदालतलाई शुरु मुद्दा हेर्ने अधिकारक्षेत्र प्रदान गरिएको भएपनि पुनरावेदन तहका अदालत वा निकायको मुख्य कार्य पुनरावेदन सुन्नु नै हो। जस्तैः नेपालका उच्च अदालतलाई वाणिज्य इजलासबाट हेर्नुपर्ने भनी तोकिएका मुद्दा, अवहेलना मुद्दा, निषेधाज्ञाका निवेदन, रिट, राजश्व चुहावटका मुद्दाको शुरु क्षेत्राधिकार तोकिएको छ।

**विषयवस्तुको आधारमा अधिकारक्षेत्र**

विभिन्न विषयवस्तुको आधारमा अधिकारक्षेत्र अदालत वा अन्य निकायहरूलाई तोकिएको हुन्छ। जस्तैः भ्रष्टाचार, राज्य विरुद्धको अपराध, सम्पत्ति शुद्धीकरण मुद्दा हेर्ने पाउने अधिकार विशेष अदालतलाई, कर, भन्सार, अन्तशुल्क आदि जस्ता मुद्दा हेर्न पाउने अधिकार राजश्व न्यायाधिकरणलाई, हक वेहक, न्याय इन्साफ गर्ने खालको र कुनै ऐनद्वारा यस्ले हेर्ने भनी नतोकेको मुद्दाहरू हेर्न पाउने अधिकार सामान्य अदालतलाई आदि।

**प्रादेशिक क्षेत्राधिकार**

भौगोलिक वा राजनीतिक सीमानाको आधारमा जुन क्षेत्राधिकार तोकिएको हुन्छ, त्यसलाई प्रादेशिक वा भौगोलिक क्षेत्राधिकार भनिन्छ। एक जिल्लाको मुद्दा त्यसै जिल्लाको सम्वन्धित अड्डा अदालतले हेर्नु पर्छ, अर्को जिल्लाको अड्डा अदालतले हेर्न पाउदैन। यसै सिद्धान्तअनुरूप जिल्लाको मुद्दा सम्वन्धित अड्डा अदालत र सोउपरको पुनरावेदन सम्वन्धित पुनरावेदन तहका अड्डा अदालतले हेर्नुपर्छ। तर कानूनद्वारा तोकिएकोमा भने एक क्षेत्रको मुद्दा अर्को क्षेत्रको अदालतले हेर्न सक्ने विशेष व्यवस्था पनि हुन्छ। यसको उदाहरणको रूपमा साइवर अपराध सम्बन्धी मुद्दा जुनसुकै जिल्लामा भए पनि काठमाडौं जिल्ला अदालतबाट सुनुवाइ गरिने प्रचलन थियो। तर अहिले सबै जिल्लामा खुला गरिएको छ। कुनै अमुक प्रदेश स्थित अधिकारी वा कार्यालयले गरेका काम कारवाही र निर्णयका विरुद्ध त्यसै प्रदेशको क्षेत्राधिकार रहेको उच्च अदालत वा इजलासमा रिट वा पुनरावेदन दायर गर्नु पर्ने व्यवस्था छ।

**अधिकारक्षेत्रसम्बन्धी सामान्य सिद्धान्त**

अधिकारक्षेत्रका सम्वन्धमा पनि केही सिद्धान्तहरू विकसित गरिएका छन्। त्यस्ता सिद्धान्तहरू मध्ये मुख्य मुख्य सिद्धान्तहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

- सामान्यतः प्रतिवादी रहेको इलाकाको अदालतमा नालिश दिनु पर्छ (The plaintiff follows the defendant)। तर घरजग्गा जाँची इन्साफ गर्नु पर्ने र लेनदेन कारोवारसँगसम्वन्धित देवानी मुद्दा र अपराध भएको स्थानबाट हेर्नु पर्ने फौजदारी मुद्दाहरू सोही इलाकाबाट हेर्ने गरिन्छ।

- क्षेत्राधिकारको सिर्जना वा त्यसको समाप्ति कानूनद्वारा मात्र हुन्छ (The law determines the jurisdiction)।
- विधायिकाले कानूनद्वारा हक अधिकारको सिर्जना गरेपछि त्यस्तो हक अधिकारको पालना गराउन वा प्रचलन गराउन सक्षम क्षेत्राधिकार भएको निकायको पनि निर्माण गर्दछ। अधिकारक्षेत्र कहिल्यै पनि सुन्यको स्थितिमा रहदैन। कहिलेकाँही कानून संशोधन हुँदा क्षेत्राधिकार नतोकिएको अवस्थामा भने संशोधन भएको साविकको कानूनबाट तोकिएको निकायबाट नै क्षेत्राधिकार ग्रहण गर्नु पर्छ भन्ने मान्यता रहेको छ।
- न्यायिक कार्यवाही सामान्यतः अदालतको अधिकारक्षेत्रभित्र पर्दछ। तेरो मेरो भन्ने र हक बेहक गर्नुपर्ने कुरामा अदालतलाई मात्र क्षेत्राधिकार प्राप्त छ। प्रचलित कानूनले अदालतको क्षेत्राधिकार नभएको भनी झिकिदिएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो इलाकाभित्रका सवै मुद्दामा कारवाही र किनारा गर्ने अधिकार हुन्छ।
- अधिकारक्षेत्र प्रयोग गर्ने निकाय कानूनले प्रष्टसँगतोकिदिएको रहेनछ भने त्यस्तोमा अदालतको अधिकारक्षेत्र परेको सम्झनुपर्छ।
- कानून द्विविधापूर्ण भई वा कानूनमा कुनै कमी भई कुनै विषयवस्तु अदालत र कुनै प्रशासकीय अधिकारी मध्ये कसको अधिकारक्षेत्र पर्दछ भन्ने प्रश्न उठेमा अदालतकै क्षेत्राधिकार रहेको अनुमान गरिन्छ।
- मुद्दा हेर्ने निकायलाई कानूनले अधिकार प्रदान गरेको हुनुपर्छ, कानूनले हेर्न वा छिन्न अधिकार नभएको मुद्दा हेरे छिनेको भएमा वदर हुन्छ अर्थात कानूनले नसुम्पेको अधिकार प्रयोग गरे मान्य हुँदैन। अधिकारक्षेत्र भन्दा वढी अधिकारको प्रयोग वा अधिकारक्षेत्रको दुरूपयोग वा नभएको अधिकारक्षेत्र प्रयोग गर्नु सवै अधिकारक्षेत्रात्मक त्रुटी भित्र पर्दछन्।
- मुद्दा हेर्ने कुरामा अदालतको सर्वोच्चता रहन्छ। अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा अर्को कुनै निकायले सो विषयमा कारवाही र निर्णय गरेको रहेछ भने त्यस्तो निर्णय त्रुटीपूर्ण भै बदर हुन्छ।
- पक्षको सहमतिबाट क्षेत्राधिकारको सिर्जना वा समाप्ति हुँदैन (Where the court has no jurisdiction, no amount of consent, acquiescence or waiver can create it, where the court has jurisdiction, the consent of parties will not oust it).
- समानान्तर वा समवर्ती अधिकारक्षेत्र (Parallel or collateral jurisdiction) भएका निकाय मध्ये कुन निकायमा मुद्दा चलाउने भन्ने कुरा पक्षको रोजाइको विषय वन्छ।
- माथिल्लो तहको अदालतको आदेशबाट मात्र क्षेत्राधिकार सिर्जना हुँदैन। कानूनले दिएको स्पष्ट अधिकार विना माथिल्लो तहको अदालतको निर्देशन दिएको आधारले मात्र क्षेत्राधिकार वैध हुन सक्दैन।
- अधिकारक्षेत्र लगायतका कानूनमा भएका व्यवस्थाहरू सबैले जान्नु बुझ्नुपर्छ, कसैले जान्नुपर्ने कुराको वेवास्ता गरी वाटो विराएर गलत निकायमा जान्छ भने त्यसको परिणाम उसैले भोग्नुपर्छ।
- अधिकारक्षेत्रको विषयमा व्याख्याको अवस्था सिर्जना भएमा उदार किसिमले गर्नु पर्छ अर्थात अदालतलाई क्षेत्राधिकार प्राप्त छ भन्नेकिसिमबाट व्याख्या गर्नुपर्छ तर अदालतबाट क्षेत्राधिकार झिकिएको कुरालाई कठोरतापूर्वक व्याख्या गर्नु पर्छ।
- न्यायिक अधिकार प्रत्यायोजन हुन सक्दैन। प्रशासकीय वा विधायिकी अधिकार प्रत्यायोजन हुन सक्छ।

**अधिकारक्षेत्र सम्बन्धी कानूनी व्यवस्था**

**क.**नेपालको संविधानको धारा १३३ मा सर्वोच्च अदालतको अधिकारक्षेत्र, धारा १४४ मा उच्च अदालतको अधिकारक्षेत्र र धारा १५१ मा जिल्ला अदालतको क्षेत्राधिकारको बारेमा उल्लेख छ।

**ख.**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा दफा ४५ देखि ५१ सम्म फौजदारी मुद्दाको अधिकारक्षेत्रको बारेमा व्यवस्था गरिएको छ।

**ग.**मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा दफा ६,११,१६ देखि २७ सम्म देवानी मुद्दाको अधिकारक्षेत्रको व्यवस्था गरेको छ।

**घ.**अन्य विशेष ऐनहरूले विशेष मुद्दाको अधिकारक्षेत्र निर्धारण गरेका छन्।

**ङ.**मुलुकी अपराध संहिता,२०७४ को दफा २ ले बहिर्क्षेत्रीय अधिकारको प्रयोग गर्न सकिने गरी विशेष व्यवस्था गरेको छ।

**च.**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ देखि १५ सम्म विभिन्न तहका अदालतको अधिकारक्षेत्र निर्धारण गरिएको छ।

**जिल्ला अदालतको अधिकारक्षेत्रः**

(१)प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्ला भित्रको जुनसुकै प्रकृतिका मुद्दामा शुरु कारवाही र किनारा गर्ने अधिकार,

(२)संविधानको धारा १४५ को उपधारा (२) बमोजिम उच्च अदालतले सुनुवाइ गर्न आदेश दिएको मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार,

(३)आफ्नो जिल्लाभित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा त्यस्तो व्यक्तिको हकको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकार,

(४)जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र कुनै व्यक्ति वा निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पु-याएमा वा आघात पु-याउने आशङ्का भएमा त्यस्तो हकको प्रचलनका लागि निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार,

(५)प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार,

(६)प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार। स्मरण रहोस् हालसम्म यस्तो अदालत स्थापना भएको छैन । स्थानीय अदालत भनेको स्थानीय तहको न्यायिक समिति होइन।

(७)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम स्थानीय तहको न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने । यो न्यायिक समिति न्यायालयको संरचना अन्तर्गत पर्दैन।

**जिल्ला अदालतको क्षेत्राधिकारमा भएको थप व्यवस्था**

१. संविधानबाटै बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन सुनुवाई गर्ने अधिकार,

२. अर्धन्यायिक निकायले गरेको निर्णय उपरको पुनरावेदन सुन्ने अधिकार,

३. अर्धन्यायिक निकायले गरेको अन्तरकालीन आदेश उपरको निवेदन सुन्ने अधिकार,

४. शुरु कारवाही र किनारा गर्ने अधिकार,

५. स्थानीय अदालतको पुनरावेदन सुन्ने अधिकार,

६. न्यायिक समितिको पुनरावेदन सुन्ने अधिकार,

७. आफूले पुनरावेदन सुन्ने निकायको निरीक्षण गर्ने अधिकार ।

**उच्च अदालतको अधिकारक्षेत्रः**

(१)संविधानको धारा १४४ को उपधारा (१) बमोजिम परेका निवेदनमा सुनुवाइ गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार।

(२)**देहायका मुद्दामा शुरू कारबाही र किनारा गर्ने अधिकार हुनेछः—**

(क)संघीय कानून बमोजिम उच्च अदालतबाट शुरू कारबाही र किनारा हुने मुद्दा,

(ख)संविधानको धारा १४५ को उपधारा (१) बमोजिम मातहत अदालतबाट झिकाइएको मुद्दा।

(३)**उच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुनी निर्णय गर्ने अधिकार हुनेछ ः:—**

(क)आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्रको जिल्ला अदालतले दफा ७ को उपदफा (१)बमोजिम शुरू कारबाही र किनारा गरेको मुद्दा,

(ख)न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको शुरू निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरी निर्णय गरेको मुद्दा,

(ग)जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गरेको सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको, कैद सजाय भएको वा एक लाख रूपैयाँभन्दा बढी जरिवाना वा पाँच लाख रूपैयाँभन्दा बढी विगो समावेश भएको मुद्दा,

(घ)संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रको कुनै न्यायिक निकायले शुरु कारबाही र किनारा गरेको मुद्दा।

(४)उच्च अदालतलाई संघीय कानून बमोजिम साधक जाँच्ने अधिकार हुनेछ।

**सर्वोच्च अदालतको अधिकार क्षेत्रः**

१.संविधानको धारा १३३ (१) बमोजिमको कानूनको न्यायिक पुनरावलोकन गर्ने अधिकार,

२.धारा १३३(२) बमोजिमको रिट क्षेत्राधिकार,

३.न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिमको पुनरावेदकीय क्षेत्राधिकार,

४.दफा १० बमोजिमको साधक जाँच्ने अधिकार,

५.दफा ११ बमोजिमको पुनरावलोकनको अधिकार,

६.दफा १२ बमोजिमको मुद्दा दोहो-याई पाउँ भन्ने निवेदन हेर्ने अधिकार,

७.राजस्व न्यायाधिकरण ऐन बमोजिमको अनुमतिको निवेदन हेर्ने अधिकार।

**सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकारः**

(१)**सर्वोच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुनेछः—**

(क)न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले शुरू कारबाही र किनारा गरेको मुद्दा,

(ख)उच्च अदालतबाट दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा,

(ग)तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैयाँभन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैयाँभन्दा बढी बिगो भएको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, र

(घ)संघीय कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा।

(२)सर्वोच्च अदालतमा साधक पेश भएको मुद्दामा समेत सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार हुनेछ।

**साधक सम्बन्धी व्यवस्थाः**

(१)संघीय कानून बमोजिम साधक जाँच गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक पेश गर्नु पर्नेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उच्च अदालतले जन्मकैदको सजाय हुने ठह-याएको मुद्दामा मात्र सर्वोच्च अदालतमा साधक पेश गर्नु पर्नेछ।

(३)उपदफा (१) वा (२) बमोजिम साधक पेश भएको मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहबाट र एउटै मुद्दामा कसैको पुनरावेदन परेमा र कसैको नपरेमा पुनरावेदन नगर्नेको हकमा समेत साधकको रोहबाट इन्साफ जाँची मुद्दाको किनारा गर्नु पर्नेछ।

(४)साधकको रोहबाट हेरिने मुद्दामा पुनरावेदन नगर्ने कुनै पक्ष वा अन्य कुनै सम्बन्धित व्यक्तिले पुनरावेदन सरहको जिकिर लिई निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यसलाई समेत विचार गरी मुद्दा किनारा गर्नु पर्नेछ।

**पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

(१)कुनै अदालतबाट फैसला वा अन्तिम आदेश गरिसकेको मुद्दा सोही अदालतबाट पुनरावलोकन गरिने छैन।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतले देहायको अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्नेछः—

(क)मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा

(ख)सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा।

(३)देहायको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैनः—

(क)एक पटक त्यस्तो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(ख)बृहत पूर्ण इजलासबाट फैसला वा अन्तिम आदेश भएको,

(ग)संवैधानिक इजलासबाट निर्णय भएको,

(घ)यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम मुद्दा दोहो-याई फैसला भएको,

(ङ)दफा १२ बमोजिम दोहो-याई हेरिएको मुद्दामा उच्च अदालतको इन्साफ सदर भएको वा दोहो-याई हेर्ने निस्सा नभएको।

(४)पुनरावलोकनका लागि निवेदन दिंदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठी दिन भित्र दिनु पर्नेछ।

(५)उपदफा (४) बमोजिम परेको निवेदन उपर पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशबाट अनुमति प्रदान गर्ने वा नगर्ने आदेश गर्नु पर्नेछ।

(६)उपदफा (५) बमोजिम अनुमति प्रदान गरिएमा पहिला फैसला गर्ने न्यायाधीश र अनुमति प्रदान गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाइ गर्नु पर्नेछ ।

पुनरावलोकन र दो.पा. को निवेदन सुनुवाईको प्रमुख भिन्नता दो.पा.मा इजलासमा बहस पैरवी गरी निर्णय गरिन्छ। पुनरावलोकनको निवेदन चेम्बरबाट पनि हेर्न सकिन्छ ।

**मुद्दा दोहो-याई हेर्ने सम्बन्धी व्यवस्थाः**

(१)यो ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश सर्वोच्च अदालतले देहायका अवस्थामा दोहो-याई हेर्न सक्नेछः—

(क)उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भिर संवैधानिक वा कानूनी त्रुटी भएको,

(ख)सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजीरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग)सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्यांकन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ)बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दा दोहो-याई हेरिने छैनः—

(क)सर्वोच्च अदालतबाट एक पटक दोहो-याई हेरिसकेको,

(ख)दफा ८ को उपदफा (३) को खण्ड (ख) बमोजिम उच्च अदालतबाट पुनरावेदन सुनी निर्णय भएको।

(३)उच्च अदालतबाट मुद्दा फैसला भएको थाहा पाएको मितिले पैंचालीस दिनभित्र त्यस्तो निर्णय गर्ने उच्च अदालत मार्फत वा सर्वोच्च अदालतमा मुद्दा दोहो-याई हेर्नका लागि निवेदन दिन सकिनेछ।

(४)उपदफा (३) बमोजिम दिने निवेदन साथ तोकिए बमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ।

(५)उपदफा (३) बमोजिम पर्न आएको निवेदनमा उपदफा (१) को अवस्था विद्यमान रहे वा नरहेको हेरी अनुमति प्रदान गर्ने वा नगर्ने आदेश संयुक्त इजलासबाट हुनेछ।

(६)उपदफा (५) बमोजिम अनुमति प्रदान गरिएमा त्यसरी अनुमति प्रदान गर्ने न्यायाधीश र पहिला फैसला गर्ने न्यायाधीश बाहेकको अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाइ गर्नु पर्नेछ।

**अदालतको अधिकारक्षेत्रका बारेमा सर्वोच्च अदालतको दृष्टिकोण**

१.कसैको हक अधिकारमा असर पुग्ने अधिकारीले निजउपर निर्णय गर्दा सो निर्णय गर्ने क्षेत्राधिकार छ, छैन भनी प्रारम्भिकरूपमै विचार पु-याउनु पर्दछ। कानूनले क्षेत्राधिकार नै प्रदान नगरेको विषयमा गरिएको निर्णय कानूनसम्मत र वैधानिक निर्णय हुन सक्दैन। त्यस्तो क्षेत्राधिकारविहीन निर्णयले कानूनी मान्यतासमेत प्राप्त गर्न सक्तैन। उत्प्रेषणको आदेश कुनै न्यायिक र अर्धन्यायिक निकाय तथा सो निकायमा कार्य गर्ने सार्वजनिक पदाधिकारीहरूले क्षेत्राधिकारविहीन (Absence of jurisdiction) निर्णय गरेमा, क्षेत्राधिकारको दुरूपयोग गरी (Abuse of Jurisdiction) निर्णय गरिएमा र क्षेत्राधिकार नाघी (Excess of jurisdiction) निर्णय गरेको देखिएमा जारी हुने।[1]

२.प्रचलित कानूनले निश्चित उपचारहरू प्रदान गरेको भए सोको पूर्ण उपयोगको प्रयास नगरी त्यसको विकल्प भए जस्तो गरी यो वा त्यो आधार बनाई असान्दर्भिक अधिकारक्षेत्र ग्रहण गर्न सकिने देखिँदैन। जुन अधिकारक्षेत्रहरू जे जुन प्रयोजनका लागि खडा गरिएका हुन्छन् तत् तत् प्रयोजनका लागि नै ग्रहण गर्नुपर्ने हुन्छ। एउटा प्रयोजनका लागि खडा भएको उपचार अर्को प्रयोजनका लागि व्यवस्थित निकायमार्फत साध्य गर्न सकिँदैन भन्ने कुरा विशेषरूपले विचार गर्न जरूरी हुने।[2]

**अधिकारक्षेत्र सम्बन्धी केही सवालहरु:**

१. जिल्ला अदालतले निषेधाज्ञा निवेदनमा गरेको निर्णय उपर पुनरावेदन लाग्ने, नलाग्ने विषयमा अन्यौलता देखिन्छ। कतिपय उच्च अदालतबाट विशेषतः बुटवल र नेपालगन्जमा पुनरावेदन दर्ता नगर्ने र गरिएको पुनरावेदन खारेज गर्ने गरेको देखिन्छ भने अन्य केही उच्च अदालतमा पुनरावेदन स्वीकार गरी इन्साफ गर्ने गरेको पाइन्छ। न्याय प्रशासन ऐन,२०७३ को दफा ८ को व्यवस्थालाई हेर्ने हो भने पुनरावेदन लाग्न सक्तैन।
२. शुरु अदालतबाट भएको फैसला उच्च अदालतबाट उल्टी वा केही उल्टी भएकोमा न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१)(ग) मा उल्लेख भएको तीन वर्ष भन्दा बढी कैदको सजाय वा पाँच लाख रुपैया भन्दा बढी जरिवाना वा पच्चीस लाख रुपैयाभन्दा बढी विगो भएको मुद्दा वाहेकको अवस्थामा पुनरावेदन लाग्ने देखिंदैन। यस अवस्थामा सर्बोच्च अदालतमा पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने ब्यवहारिक अन्यौलता देखिन्छ।
३. फौजदारी मुद्दामा शुरु म्याद गुजारी एकतर्फि फैसला भएकोमा प्रतिउत्तरसरहको पुनरावेदन दिनसक्ने कानूनी ब्यवस्था नरहेकोले रिट क्षेत्रबाट हेरी शुरु अदालतको म्याद र फैसला बदर गर्नुपर्ने अवस्था सृजना भएको छ।
४. प्रतिउत्तर वा प्रतिवादीको वयानमा मुद्दा हेर्ने क्षेत्राधिकारको प्रश्न उठाइएको अवस्थामा देवानी मुद्दाको हकमा मुद्दाको कारवाही निरन्तर गर्ने वा खारेज गर्नुपर्ने र फौजदारी मुद्दाको हकमा फिराद वा अभियोगपत्र खारेज गरी क्षेत्राधिकार रहेको अदालतमा पठाउनु पर्ने भन्ने असमान ब्यवस्था रहेकोबाट काम कारवाही गर्न ब्यवहारिक कठिनाई भएको छ। लगाउमा रहेका कुनै मुद्दा देवानी र कुनै मुद्दा फौजदारी रहेकोमा के गर्ने? भन्ने अन्यौलता कायमै देखिन्छ।
५. फौजदारी मुद्दामा वादीले तारेख गुजारेमा डिसमिस गर्ने कानूनी ब्यवस्था छैन। लगाउको देवानी मुद्दामा डिसमिस हुने र फौजदारी मुद्दामा खारेज हुने ब्यवस्थाबाट दुवै मुद्दा पुनरावेदनको रोहमा कसरी हेरी निरोपण गर्ने भन्ने कार्यविधिगत जटिलता रहेको देखिन्छ।
६. क्षेत्राधिकार सम्बन्धी कानूनी अन्यौलताका कारण रिट उपचारको प्रयोग अत्यधिक वढेको छ

यी सवालका उपर समाधान खोज्नका लागि कुनै न कुनै रुपमा सबै मुद्दा सर्बोच्च अदालतमा पुग्ने पद्धतिमा पुनर्बिचार हुनु जरुरी छ।

**क्षेत्राधिकार सम्बन्धी केही सुधारका क्षेत्रहरु:**

१. क्षेत्राधिकार सर्बोच्च अदालतमा हाल कायम रहेको संवैधानिक इजलास र अन्य इजलासको अधिकार क्षेत्र थप स्पष्ट हुनु पर्ने अवस्था छ।
२. हाल कायम रहेका बाणिज्य र बाल इजलासको सट्टा बाणिज्य अदालत र बाल अदालत नै स्थापना हुन आवश्यक छ।
३. कर्मचारी प्रशासन सम्बन्धी सबै विवाद प्रशासकीय अदालतले हेर्ने गरी कार्यगत र भौगोलिक क्षेत्राधिकार समेत बिस्तार गर्नु आवश्यक छ।
४. सूचना प्रविधि न्यायाधिकरण, सहकारी ऋण असूली न्यायाधिकरण र उपभोक्ता अदालतको स्थापनालाई प्राथमिकतामा राख्नु पर्ने अवस्था छ।
५. उच्च अदालतलाई स्थानीय तहका कानूनको संवैधानिकता परीक्षण गर्ने अधिकार दिइनु पर्छ।
६. उच्च अदालतमा रिटको सुनुवाई गर्ने विशिष्टिकृत इजलासको गठन गर्ने ब्यवस्था हुनु पर्छ। उच्च अदालतमा रायबाझी भएको अवस्थामा तीन जना न्यायाधीशको पूर्ण इजलासले हेर्ने ब्यवस्था हुन उपयुक्त हुन्छ।
७. संविधानले परिकल्पना गरेको स्थानीय अदालत वा न्यायिक निकायको संरचना, जनशक्ति र अधिकारक्षेत्रबारे पनि अध्ययन गरी सो ब्यवस्थालाई ब्यवहारिक कार्यान्वयनमा ल्याउन आवश्यक छ।
८. राजश्व चुहावट सम्बन्धी विवाद राजश्व न्यायाधिकरण वा विशेषज्ञसहितको इजलासबाट सुनुवाई हुने ब्यवस्था हुन मनासिव हुन्छ।
९. एक हजार भन्दा वढी पारिवारिक मुद्दा भएका जिल्लामा पारिवारिक अदालत स्थापना हुनु पर्छ। पारिवारिक अदालतको क्षेत्राधिकार भित्र मुलुकी देवानी संहिताको पारिवारिक कानून अन्तर्गत पर्ने सबै किसिमका विवादलाई समेट्दा राम्रो हुन्छ।

[1]लोकराज जोशी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल समेत, नेकाप २०७४, अंक ५, नि ९८०७.नं.

[2]राधा कुमारी ज्ञवाली विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल समेत, नेकाप २०७४, अंक १, नि९७४२.नं.

**निष्कर्ष**

न्याय प्रशासन राज्यको प्राथमिक कार्य हो। यो कार्य न्यायापालिकाबाट सम्पादन हुन्छ। अदालतको क्षेत्राधिकारले राज्यको न्याय प्रशासन र न्यायपालिकाको समग्र कार्य पद्धतिलाई प्रतिनिधित्व गरेको हुन्छ। यसको क्षेत्राधिकार जति वैज्ञानिक, व्यवहारिक र जनभावना अनुकूल भयो, अदालतको प्रभावकारीता त्यति वढी देखिने र न्याय प्रशासन पनि सवल र सुदृढ हुन्छ। जनतालाई न्यायको अनुभूति दिलाउन र न्याय प्राप्तीलाई सुगम, सहज र सुपथ बनाउन राज्यको उपस्थिति संभव भएसम्म जनताको घरदैलोमा हुनु पर्छ। यसमा राज्यले पर्याप्त स्रोत र साधनको अधिकतम परिचालन गरी उनीहरूले वास्तवमा सहज रुपमा न्याय पाउने वातावरण सिर्जना गर्नु पर्छ। सर्वोच्च अदालतमा बढ्दो मुद्दाको बोझलाई कम गर्न त्यसको इजलासको संख्या बिस्तार गर्ने, संवैधानिक इजलासलाई नियमित र स्थायी बनाउने, उच्च अदालतको क्षेत्राधिकारमा वृद्धि गर्ने,जिल्ला अदालतको क्षेत्राधिकारमा वृद्धि गर्ने र विशेष प्रकृतिका न्यायाधिकरण, प्रशासकीय अदालत वा विशेष अदालतको क्षमता र क्षेत्राधिकार विस्तार गर्ने सोंच समसामयिक अवस्थामा उपयुक्त र कारगर हुन सक्छ। मुलुकी संहिता लागू भए पश्चात देवानी र फौजदारी मुद्दामा अदालतको क्षेत्राधिकारमा समान अवस्थामा असमान, अव्यवहारिक र अपर्याप्त कानूनी व्यवस्था गरिएकोले यसले सहजता भन्दा असहजता र अन्यौलता सृजना गरेको महशुस भएको हुँदा समान अवस्थामा समान व्यवहार हुनेगरी क्षेत्राधिकारमा संवैधानिक र कानूनी सुधार पनि आवश्यक देखिन्छ।

**शन्दर्भ सामाग्रीहरुः**

1. Dr. N.V.Paranjape, **Studies in Jurisprudence and Legal Theory,** Allahabad,Central Law Agency, 10th Edition,2023.
2. P.J. Fitzgerald, **Salmond on Jurisprudence**,Delhi: Universal Law Publishing House, Digital Version (Pdf), 2002
3. विशाल खनाल, **नेपालको न्याय प्रशासनः एक ऐतिहासिक सिंहावलोकन**, काठमाडौः आठराई पुस्तक भण्डार,२०५०
4. श्याम कुमार भट्टराई(सम्पादक),**न्याय प्रशासनका आयामहरु,** काठमाडौः सोपान प्रकाशन, २०६३
5. श्याम कुमार भट्टराई(सम्पादक),**न्याय प्रशासनका आयामहरु,** काठमाडौः सोपान प्रकाशन, २०८१
6. **नेपालको संविधान(**२०७२),काठमाडौः नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून पुस्तक ब्यवस्था समिति ।
7. **न्याय प्रशासन ऐन,२०७३,** नेपाल ऐन संग्रह खण्ड २, ऐ ऐ
8. **नेपाल ऐन संग्रह खण्ड २,** ऐ ऐ
9. **मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि संहिता,**२०७४ ऐ ऐ
10. **मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४,** ऐ ऐ
11. **अदालत नियमावली र मुलुकी देवानी तथा फौजदारी कार्यविधि नियमावली संग्रह,** कानून पत्रिका सम्पादन शाखा, सर्वोच्च अदालत ।

उच्च अदालत पाटन

वर्ष १ अङ्क ७ इ बुलेटिन २०८१ पुष

# नेपालमा मुद्दा व्यवस्थापन सम्वन्धमा भएका अभ्यास



**उदयराम नापित**

**शाखा अधिकृत, उच्च अदालत पाटन**

**१. विषय प्रवेशः**

नेपालमा न्यायिक प्रकृयालाई चुस्त, दुरुस्त बनाई नागरिकको हक,हित संरक्षण गर्ने उद्देश्यकासाथ नेपालको संविधानको प्रास्वतनामा नै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई आत्मसाथ गरी संविधानको धारा १२७ को उपधारा (१) मा ३ तहको अदालतीय संरचनाको व्यवस्था गरिएको पाइन्छ। जसअनुसार सर्वोच्च अदालत सबैभन्दा माथिल्लो न्यायिक निकायको रुपमा रहने र अन्य अदालत तथा न्यायिक निकायहरु सर्वोच्च अदालतको प्रत्यक्ष मातहत रही प्रत्यक्ष निर्देशनमा कार्य संचालन हुने व्यवस्था रहेको छ।अदालतमा प्रवेश भएका विवादलाई सरल, सहज, कम खर्चिलो, पारदर्शी पूर्वानुमानयोग्य, गणस्तरीय,समयगत मापदण्डमा आधारित बनाई र विना विभेद किनारा गर्ने तौर तरिका नै मुद्दा व्यवस्थापन हो। अदालतमा प्रवेश हुने विवादको प्रकृति तथा विशेषता अनुरुप मुद्दाको किनारा हुन समेत सोही बमोजिम समयावधि लाग्ने हुन्छ। सामान्य अर्थमा मुद्दा व्यवस्थापन भन्नाले मुद्दाको दर्तादेखि फैसला नहुँदासम्मको अवधिमा अवलम्बन गरिने सम्पूर्ण व्यवस्थापकीय कार्यलाई जनाउँदछ। मुद्दा व्यवस्थापनसंग जनशक्ति व्यवस्थापन, भौतिक स्रोतसाधन व्यवस्थापन, आर्थिक व्यवस्थापन,सूचना व्यवस्थापन,समयव्यवस्थापनलगायतकाअन्यव्यवस्थापकीय पक्ष लयायतका विषयले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन्।

मुद्दा व्यवस्थापनको अवधारणा सर्वप्रथम सन् १९७० को दशकबाट अमेरिकाबाट शुरुवात भएको पाइन्छ। मुद्दा व्यवस्थापनलाई परिभाषित गर्ने क्रममा यसका विज्ञDavid D. Steelmanले "Caseflow Management involves the entire set of actions that a court takes to monitor and control the process of cases from intiation through trial of otheer initial disposition to thee completion of all post disposition court work to make sure that justice is done promptly."भनी परिभाषित गरेका छन्। यसै गरी मुद्दा व्यवस्थानलाई परिभाषित गर्ने क्रममै संयुक्त राज्य अमेरिकाकोNational Association Court Managementले समेत"Caseflow management is the process by which courts move cases from filing to disposition. This includes all pre-trial phases, trials and increasingly, events which follow disposition to ensure the integrity of court orders and timely completion of post-disposition case actively."भनी परिभाषित गरेको पाइन्छ।

परम्परागत रुपमा मुद्दा व्यवस्थानलाई मुद्दा फैसलाको चरणसम्म पुऱ्याउने कार्य भन्ने बुझिन्थ्यो। वर्तमान समयमा प्रभावकारी मुद्दा व्यस्थापनको अवधारणा समेत विकास भएको अवस्था छ। प्रभावकारी मुद्दा व्यवस्थापनले मुद्दाको कारवाही र गति अदालतको नियन्त्रण भन्दा वाहिर जानु हुँदैन भन्ने कुरामा जोड दिन्छ। यसले न्याय सम्पादन प्रकृयालाई चुस्त, दुरुस्त, पारदर्शी, प्रभावकारी, कम खर्चिलो, सहज, सरल एवं नागरिकमैत्री बनाई न्यायपालिका प्रति जनआस्था अभिवृद्धि गर्न टेवा मिलोस भन्ने उद्देश्यका साथ मुद्दाको व्यवस्थापकीय प्रकृयासंग मात्र सम्वन्ध नराखी प्रभावकारी व्यवस्थापनलाई जोड दिन्छ।

**२. मुद्दा व्यवस्थापनको सम्वन्धमा भएका नेपालमा भएका प्रयासहरु**

**२.१. अदालत व्यवस्थापन समितिको प्रतिवेदन, २०५५**

यस प्रतिवेदनले मुद्दामा उठाइएको विषयवस्तु, प्रश्न र मुद्दाको प्रकृतिका आधारमा मुद्दालाई अलग अलग दायरीमा दर्ता गरी सोही आधारमा फाँट विभाजन समेत गरी एकै प्रकृतिका मुद्दा एकै दिन इजलाससमक्ष पेश गर्ने, मुद्दामा बुझ्नुपर्ने प्रमाण, बुझ्न एकैपटक आदेश गर्ने, म्यादभित्र फैसला हुन नसकेका मुद्दाहरुको छुट्टै लगत राखी अनुगमन गर्ने, मुद्दा दर्तादेखि फैसलासम्म गर्नुपर्ने समयका लागि अवधि किटान गरी सोको अनुगमन गर्ने एवं न्यायपालिकाको छुट्टै कार्यपात्रो बनाउनु पर्ने कुरामा जोड दिएको थियो।

**२.२. अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन,२०५८**

यस प्रतिवेदनले मुद्दाको शीघ्र फछ्यौंटको लागि मुद्दाको कारवाहीका प्रत्येक चरणमा लाग्ने न्यूनतम र अधिकतम समय निर्धारण गरी सोही समयावधिभित्र कार्य सम्पन्न गर्ने,मुद्दाको प्रकृति अनुसार अलग दिनको पेशी राख्ने व्यवस्था गर्न विषयमा मुख्य जोड दिएको पाइन्छ।

**२.३. मुद्दाको विशिष्टिकृत नामाकरण सफ्टवेयर डिजायन एवं विभिन्न ढाँचाहरु पेश गर्न गठित कार्यदलको प्रतिवेदन,२०६४**

यस प्रतिवेदनमा समयतालिका पद्वति लागू गर्ने र सो सम्वन्धमा सफ्टवेर निर्माण गर्ने तथा समयतालिकाका लागि फाराम तोक्ने कुरामा मुख्य जोड दिएको पाइन्छ।

**२.४. न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाहरु**

न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६१/६२-२०६६/६७) ले मुद्दाको बक्यौता र ढिलाइलाई कम गर्न मुद्दा व्यवस्थापनको प्रक्रिया विकास गरी कार्यान्वयन गर्न प्रभावकारी मुद्दा व्यवस्थापनको नीति बनाउने कुरामा जोड दिएकोमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१ ले उच्च अदालत र जिल्ला अदालतमा २०७७ साल साउन १ गतेदेखि र सर्वोच्च अदालतमा २०८० साल साउन १ गतेदेखि फरक मुद्दाका लागि फरक व्यवस्थापन पद्धति लागू गर्ने भन्ने व्यवस्था गरी सोही बमोजिम जिल्ला अदालत नियमावली संशोधन तथा दिग्दर्शनहरुको तयार,सफ्टवेयर र सफ्टवेयर सञ्चालन सम्बन्धी दिग्दर्शनतयार भई २०७७ साल साउनदेखि जिल्ला अदालतहरुमा र उच्च अदालतहरुमा २०७७ भाद्र १ गतेदेखि नै लागू भएको छ। हाल कार्यान्वयनमा रहेको न्यायपालिकाको पाचौं पन्चवर्षीय योजनाले समेत फरक मुद्दा व्यवस्थापनको माध्यमबाट मुद्दा व्यवस्थानमा प्रभावकारिता ल्याई नागरिकको हक हित संरक्षण एवं सरल सहज र छरितो न्याय प्रणालीको विकास गर्ने कुरामा जोड दिएको पाइन्छ।

**३. मुद्दा व्यवस्थापनका चरणः**

**३.१. मुद्दा दर्ताको चरणः** यो मुद्दा व्यवस्थापनको प्रथम चरण हो। यस अन्तर्गत अदालतमा प्रवेश भएका मुद्दाहरुको क्रमागत एवं सांख्यीकीय नामाकरण गरी दर्ता गर्ने गरिन्छ। यसमा विवादको वास्तविकता पहिचान गरी कुन प्रकृतिको मुद्दा हो सोही बमोजिम वर्गीकरण समेत गरिन्छ। मुख्यतः अदालतमा फौजदारी, देवानी र विषेश प्रकृतिका निवेदनका रुपमा विवाद प्रवेश गर्दछन्। फौजदारी मुद्दामा नेपाल सरकार स्वयमले अनुसन्धान गरी मुद्दाको अभियोजन गर्ने गर्दछ भने देवानी मुद्दा तथा निवेदनहरुको हकमा नागरिक स्वयम अदालतमा प्रवेश गर्दछन्। यस अन्तर्गत अदालतमा प्रवेश भएका मुद्दाहरुको क्रमागत एवं सांख्यीकीय नामाकरण गरी दर्ता गर्ने गरिन्छ। यसमा विवादको वास्तविकता पहिचान समेत गरिन्छ। अदालतले मुद्दाको प्रकृति अनुसार कार्यदिश बनाई व्यवस्थापन गर्नुपर्दछ। मुख्य रुपमा मुद्दा दर्ताको चरणमा अदालतबाट निम्नानुसारको विषयमा ध्यान दिनुपदर्छ।

- अदालतको क्षेत्राधिकारभित्र पर्ने हो वा होइन?
- विवादको विषयका सम्वन्धमा स्पष्ट भए नभएको?
- मुद्दा गर्नेले आफ्नो के कुन अधिकार हनन भए र उपचार विधि
- हदम्याद र हकदैयाको विषय
- दावीको विषयवस्तु, सम्वन्धित कानून, प्रमाण र माग दावीको स्पष्टता
- अदालती शुल्क लगायतका विषयहरु

**३.२. मुद्दा कारवाहीको चरण वा अंग पुऱ्याउने**

यो मुद्दा व्यवस्थापनको हिसावमा महत्वपूर्ण चरण हो। यस चरणको कार्यान्वयनबाट मुद्दाले के कुन गतिमा प्रभावकारी रुपमा सफलता पाउने भन्ने कुरा निर्भर रहन्छ। यस चरणमा मुद्दाको प्रमाण पहिचान,प्राप्ति रमूल्याङ्कन गरी मुद्दाको अंग पुऱ्याउने कार्य गरिन्छ। यस चरणमा मुद्दाको अंग पुऱ्याउने प्रयोजनार्थ सम्वन्धित निकाय एवं व्यक्तिसंग समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने अवस्था समेत रहन्छ। यस चरणमा सम्पादन गरिने मुद्दासंग सम्वन्धित सम्पूर्ण कारवाहीले मुद्दा व्यवस्थापनको प्रभावकारितालाई इंकित गर्दछ।

**३.३. मुद्दा फैसलाको चरण**

यो मुद्दा व्यवस्थापनको अन्तिम र महत्वपूर्ण चरण हो। मुद्दासंग सम्वन्धित प्रमाणहरुको जम्मा गरिसकेपछि दावी पुग्ने वा नपुग्ने भन्ने विषयमा हुने अन्तिम निर्णय यस चरण अन्तर्गत पर्दछ। यस चरणमा प्रमाणको वास्तविक मूल्याङ्कन गरी मर्का पर्ने पक्षलाई न्याय प्रदान गरिन्छ। प्रमाणहरुको उचित मूल्याङ्कन गरी न्यायपालिका प्रतिको जनआस्थालाई जोगाउने कार्य यस चरणमा पर्दछ। न्यायमूर्तिहरुबाट हुने निर्णयले जनताको न्यायपापालिका प्रतिको नजिरियामा प्रत्यक्ष प्रभाव पार्ने हुँदा यस चरण एकदमै महत्वपूर्ण मानिन्छ।

**४. मुद्दा व्यवस्थापन चक्रः**

मुद्दा व्यवस्थापनका क्रममा अवलम्बन गर्नुपर्ने प्रत्येक चरणवद्ध कार्यहरू मुद्दा व्यवस्थापन चक्र अन्तर्गत पदछन्। विशेषतः मुद्दा मुद्दा व्यवस्थापनका क्रममा अवलम्बन गरिने चरणवद्ध कार्य वा मुद्दा व्यवस्थापन चक्रलाई निम्नानुसारको चित्रबाट स्पष्ट पार्न सकिन्छ।




**५. फरक मुद्दा व्यवस्थापनः**

अदालतको मुख्य कार्य नै न्याय सम्पादन गर्ने भएकोले मुद्दा व्यवस्थापन कार्य अदालतको महत्वपूर्ण अवयव हो। मुद्दा व्यवस्थापनमा स्थानीय रहनसहन संस्कृति एवं परम्पराले प्रत्यक्ष असर गर्दछ। देश र राज्यको शासन प्रणाली अनुसार मुद्दा व्यवस्थापनका तौर तरिका एवं प्रणालीहरु फरक फरक हुन सक्दछन्। यद्यपी मुद्दा व्यवस्थापनको मूल उद्देश्य न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाई शीघ्रता ल्याउनु नै हो।

न्याय प्रणालीलाई सरल सहज र पारदर्शी बनाउने उद्देश्य स्वरुप फरक मुद्दा व्यवस्थापन प्रणालीको विकास भएको पाइन्छ। यसको मुख्य उद्देश्य फरक फरक प्रकृतिका विवादलाई फरक फरक ढङ्गबाट समाधान गर्नु नै हो। मुद्दाको प्रकृति एवं विषयवस्तु अनुसार किनारा गर्नुपर्ने समयावधी एवं महत्व पनि सोही बमोजिम हुन्छ। अदालतमा प्रवेश गर्ने प्रत्येक मुद्दा समान प्रकृतिका हुँदैनन। मुद्दाको विषयवस्तु, सम्वोधन गर्नुपर्ने विषय र निरुपण गर्नुपर्ने विषय एवं उपचारको पद्वती समेत फरक हुन्छन्। फरक मुद्दा व्यवस्थापन प्रणाली आधुनिक एवं वैज्ञानिक पद्वती पनि हो। जस अन्तर्गत न्यायिक निकायले मुद्दाको प्रकृति र बोझ अनुरुप फरक फरक ढंगले व्यवस्थापन गर्दछ। विशेषत: फरक मुद्दा व्यवस्थापनमा मुद्दाको प्रकृति अनुसार फरक फरक गर्न समूहमा विभाजन गरी सोही अनुसार मुद्दाको अंग पुऱ्याई शीघ्र किनारा गर्ने गरिन्छ। यस पद्वतीको अवलम्बवनबाट मुद्दाको सुनुवाईमा शीघ्रता आउने,कम खर्चिलो एवं न्यायिक प्रकृयामा गुणस्तरीयता आउनुका साथै सरोकारवाला पक्षसंग समन्वय हुन मद्दत गर्दछ।

नेपालको सन्दर्भमा हेर्ने हो भने विगतदेखि नै फरक किसिमका मुद्दाहरु फरक फरक ढंगबाट व्यवस्थापन गर्नुपर्नेमा जोड दिँदै आईएको पाइन्छ। तथापी नेपालको न्यायपालिकामा यसको शुरुवात दोस्रो पञ्चवर्षीय रणनितिक योजना२०६६/०६७-२०७०/०७१बाट शुरु भएकोमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको केन्द्रीय विषयवस्तु नै फरक मुद्दा व्यवस्थापन (DCM)रहेको पाइन्छ। मुलतः फरक मुद्दा व्यवस्थापन अन्तर्गत निम्नानुसारको मार्ग समूह र समायावधी तोकिएको हुन्छ।

| क्र.स | शुरु मुद्दामा रहने मार्ग समूह | पुनरावेदनको मार्ग समूह | फछ्यौंट अवधि |
|---|---|---|---|
| १. | सरल | सरल | ६ महिना |
| २. | सामान्य | सामान्य | १२ महिना |
| ३. | विशेष | | १८ महिना |

**५.१. सरल मार्ग समूह अन्तर्गत रहने मुद्दाहरु (जिल्ला अदालतका लागि)**

- मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसुची ३(सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा गरेका) का मुद्दाहरू।
- मुल्तवी र तामेलीबाट जागेका मुद्दा।
- संक्षिप्त कार्यविधि अपनाइने मुद्दाहरु।
- निषेधाज्ञाका निवेदनहरु।
- वादी वा निजको कानून व्यवसायीले प्रतिवादीको नामको म्याद तामेल गर्न माग गरेका मुद्दाहरु।
- जिल्ला अदालतमा कारवाही हुने सबै पुनरावेदन।
- माथि उल्लेख भए बाहेकका २ थानसम्म लगाउ भएका शुरु मुद्दाहरू।
- माथि उल्लेख भए बाहेकका २ जनासम्म प्रतिवादीहरू भएका अन्य शुरु मुद्दा।

**५.२. सामान्य मार्ग समूह अन्तर्गत रहने मुद्दाहरु (जिल्ला अदालतका लागि)**

- सरल मार्ग समूहमा रहने बाहेकका ३ देखि १० जना सम्म प्रतिवादी भएका मुद्दाहरु।
- सरल मार्ग समूहमा रहने बाहेकका ३ देखि १० थानसम्म लगाउमा रहेका मुद्दाहरु।
- सरल मार्ग समूह र विषेश मार्ग समूहमा दर्ता हुने बाहेकका अन्य मुद्दाहरु।

**५.३. विशेष मार्ग समूह अन्तर्गत रहने मुद्दाहरु (जिल्ला अदालतका लागि)**

- सरल र सामान्य मार्गसमूहमा रहने बाहेकका १० जनाभन्दा बढी प्रतिवादी भएका मुद्दा।
- सरल र सामान्य मार्गसमूहमा रहने बाहेकका १० थान भन्दाबढी लगाउ भएका मुद्दा।
- पारस्परिक कानूनी सहायता ऐन, २०७० बमोजिम विदेशमारहेको प्रतिवादीलाई म्याद तामेल गर्नुपर्ने भएमा।

**५.४. सरलबाट सामान्य मार्गसमूहमा परिवर्तन**

- ३ थान देखि १० थानसम्म मुद्दाहरू लगाउ हुन आएमा।
- प्रतिवादीको म्याद वदर भई पुनः जारी गर्नु परेमा।
- प्रतिवादीले प्रतिदावी लिएको अवस्था भएमा।
- देवानी कार्यविधि संहिता, २०७४ को दफा २२५ बमोजिमकाबू बाहिरको परिस्थिति परी म्याद वा तारिख थमाएमा।
- फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ बमोजिम काबू बाहिरको परिस्थिति परी म्याद थमाएमा।
- देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम सरोकारवाला व्यक्ति बुझ्ने आदेश भएमा।
- नबुझी नहुने साक्षी बुझ्ने वा थप प्रमाण संकलन र परीक्षण गर्ने आदेश भएमा।
- देवानी मुद्दामा थप प्रमाण संकलन र परीक्षण गर्ने आदेश भएमा।
- विभिन्न निकायहरूबाट प्रमाणहरू संकलन गरी परीक्षण गर्ने आदेश भएमा।
- अन्य जिल्लामा रहेको विशेषज्ञबाट परीक्षण गराउनु पर्ने भएमा।
- सामान्य मार्ग अपनाइने मुद्दासँग लगाउमा हेर्नुपर्ने देखिएमा।
- महामारीको अवस्था, बन्दाबन्दी तथा जारी निषेधाज्ञाको कारण मुद्दाको कार्यतालिका बमोजिम तोकिएको कार्य तोकिएको समयमा सम्पादन हुन नसकेका मुद्दाहरु
- दिग्ददर्शनमा मेलमिलापका लागि निर्धारण गरिएको अवधिभित्र मेलमिलाप हुन नसकी मेलमिलापको अवधि थप भएका कारण समयमा कार्य सम्पादन हुन नसकेका मुद्दाहरु।
- सम्वन्ध विच्छेद मुद्दामा मेलमिलाप नभइ मुलुकी देवानी संहिता २०७४ को दफा ९८ बमोजिम निर्णय गर्न १ वर्ष पर्खनुपर्ने परेको कारण कार्य सम्पादन हुन नसकेको मुद्दाहरु।

**५.५. सरलबाट विशेष मार्गसमूहमा परिवर्तन**

- पारस्परिक कानूनी सहायता ऐन, २०७० बमोजिम विदेशमा रहेको प्रतिवादीलाई म्याद तामेल गर्नुपर्ने भएमा।
- १० थानभन्दा बढी मुद्दा लगाउमा भएमा।
- प्रतिवादीको नामको म्याद पटकपटक बदर भई पुनः तामेल गर्नुपर्दा वा म्याद तामेल हुन नसकी पत्रिकामा सूचना प्रकाशन गर्नु परेमा।
- देवानी कार्यविधि संहिता २०७४ को दफा २२५ बमोजिम पटकपटक तारिख थमाएमा।

- बिशेष मार्ग अपनाइने मुद्दासँग लगाउमा हेर्नुपर्ने देखिएमा।

**५.६. सामान्यबाट विशेष मार्गसमूहमा परिवर्तन**

- देवानी कार्यविधि संहिता २०७४ को दफा २२५ बमोजिम पटक पटक तारिख थमाएमा।
- धेरै जना प्रतिवादीका नामको म्याद पटकपटक बदर भई पुनः म्याद जारी गर्नु परेमा।
- पारस्परिक कानूनी सहायता ऐन, २०७० बमोजिम विदेशमा रहेको प्रतिवादीलाई म्याद तामेल गर्नुपर्ने भएमा।
- १० थान भन्दा बढी मुद्दाहरू लगाउ हुन आएमा।
- पुनः म्याद वदर भई पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेमा।
- बिशेष मार्ग अपनाइने मुद्दासँग लगाउमा हेर्नुपर्ने देखिएमा।
- अभियोगपत्र संशोधनको आदेश भै प्रतिवादीको बयान गराउन र थप प्रमाण बुझ्नु पर्ने भएमा।
- थप अभियोगपत्र दायर भै प्रतिवादीको बयान गराउन र थप प्रमाण बुझ्नु पर्ने भएमा।
- कानून बमोजिम फैसला गर्नको लागि पर्खनु पर्ने अवधिका कारण ।
- महामारीको अवस्था, बन्दाबन्दी तथा जारी निषेधाज्ञाको कारण मुद्दाको कार्यतालिका बमोजिम तोकिएको कार्य तोकिएको समयमा सम्पादन हुन नसकेका मुद्दाहरु
- दिग्ददर्शनमा मेलमिलापका लागि निर्धारण गरिएको अवधिभित्र मेलमिलाप हुन नसकी मेलमिलापको अवधि थप भएका कारण समयमा कार्य सम्पादन हुन नसकेका मुद्दाहरु।
- सम्वन्ध विच्छेद मुद्दामा मेलमिलाप नभइ मुलुकी देवानी संहिता २०७४ को दफा ९८ बमोजिम निर्णय गर्न १ वर्ष पर्खनुपर्ने परेको कारण कार्य सम्पादन हुन नसकेको मुद्दाहरु।

**५.७. पुनरावेदनको मार्गसमूह परिवर्तन**

- एउटै मुद्दामा पहिलो पुनरावेदन दर्ता भएको २ महिनाभन्दा बढी अवधिको फरकमा अन्य पुनरावेदन दर्ता भएमा।
- पुनरावेदनको म्याद बेरितको भई पुनः जारी गर्नु परेमा।
- देवानी कार्यविधि संहिताको दफा २२५ बमोजिम म्याद वा तारिख थमाएमा।
- न्याय प्रशासन ऐन, २०७३ को दफा १४(१)(ग) अनुसार प्रमाण बुझ्ने आदेश भएमा।
- सामान्य मार्ग अपनाइने मुद्दासँग लगाउमा हेरितुपर्ने भएमा।
- प्रत्यर्थीको नामको म्याद पटक पटक बदर भई पुनः तामेल गर्नु परेमा वा म्याद तामेल हुन नसकी पत्रिकामा सूचना प्रकाशन गर्नु परेमा।

**६. मुद्दा व्यवस्थापनका फाइदा**

माथि चर्चा गरि बमोजिम मुद्दा व्यवस्थापन प्रणालीले न्यायिक प्रकृयामा छरितोपन ल्याउनुका साथै न्याय प्रणालीमा प्रभावकारीता ल्याउँदछ। यसबाट आम नागरिकमा न्यायपालिका प्रतिको विश्वास बढाउँदै सकारात्मक भूमिका निर्वाह गरी जनआस्था अभिवृद्धि गराउन समेत मद्दत गर्दछ।जसका लागि आवश्यकता अनुसार मुद्दा व्यवस्थापनका लागि विशेष उपायहरु अवलन्वन गर्ने गरिन्छ। यसबाट मुद्दाको कारवाही र किनारा गर्न हुन सक्ने ढिलाई एवं त्यसबाट पर्न सक्ने असरका सम्वन्धमा समयमै सजगता अपनाउन समेत मद्दत गर्दछ।यसका साथै प्रभावकारी मुद्दा व्यवस्थापनले देहाय बमोजिमको कार्यमा सहयोग गर्दछ।

- मुद्दाको कारवाही र निर्णयमा शीघ्रता ल्याउँदछ।
- मुद्दाको कारवाहीमा निश्चितता आउने।
- न्यूनतम स्रोतसाधनको प्रयोगबाट उच्चतम परिणाम हासिल गर्न सकिने।
- खर्च कम लाग्दछ।
- मुद्दाको कारवाही अदालतको नियन्त्रणमा रहन्छ। दवाव एंव प्रभावबाट मुद्दा विचल्लित हुने अवस्था रहँदैन।
- न्यायिक प्रकृयाको गुणस्तरमा वृद्वि हुन्छ।
- मुद्दाका सरोकारवाला एवं सम्वन्धित निकायसंगको समन्वय एवं सहकार्यमा टेवा पुग्दछ।
- मुद्दाको कारवाहीमा सहभागिता र पारदर्शिताकायम गराउँदछ।
- मुद्दाको कारवाहीलाई पूर्वानुमानयोग्य बनाउन मद्दत गर्दछ।
- न्यायपालिका प्रतिको जनआस्था र जनविश्वास बढाउन मद्दत गर्दछ।

**७. मुद्दा व्यवस्थापन सम्वन्धी विद्यमान कानुनी व्यवस्था**

**७.१. संवैधानिक व्यवस्था**

- संविधानको प्रास्तावनामै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई आत्मसाथ गरिएको छ।
- भाग ३ अन्तर्गत धारा २० को उपधारा (९) मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र निष्पक्ष रर सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने भनी मौलिक अधिकारको व्यवस्था गरिएको।
- धारा ५१ मा न्याय प्रशासनलाई छिटो छरितो र सर्वसुलभ मितव्ययी निष्पक्ष प्रभावकारी र उत्तरदायी बनाउने नीतिलाई स्वीकार गरिएको।
- धारा १२६ मानेपालको न्याय सम्वन्धी अधिकार संविधान अन्य कानून र न्यायको मान्य सिद्वान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था उल्लेख गरिएको। साथै अदालतको क्षेत्राधिकार सम्वन्धमा समेत व्यवस्था गरिएको छ।
- धारा १३६ मा अदालत र न्यायिक निकायको न्याय प्रशासनलाई प्रभावकारी बनाउने जिम्मेवारी प्रधानन्याधीशलाई तोकेको।

**७.२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४**

- मुलुकी देवानी कार्यविधि संहिता यस संहिताको परिच्छेद २ मा देवानी कार्यविधि कानूनका विभिन्न सामान्य सिद्धान्तहरूको उल्लेख गरिएको छ। यस संहितामा निम्न बमोजिम मुद्दा व्यवस्थापनसम्बन्धी व्यवस्थाहरू रहेको पाइन्छ।
- परिच्छेद ८ मा म्याद तथा तामेल सम्वन्धी व्यवस्था अन्तर्गत दफा ९९ देखि दफा ११८ सम्म मुद्दाको कारवाहीको सिलसिलामा विपक्षीलाई म्याद दिनुपर्ने व्यवस्था र म्याद तामेल गर्ने कार्यविधि सम्वन्धमा विस्तृत रुपमा चर्चा गरिएको छ।

- परिच्छेद ९ को अन्तर्गत प्रतिउत्तर तथा प्रतिदावी सम्वन्धी व्यवस्थामा दफा११९ देखि दफा १२५ सम्म मुद्दाको कारवाहीको क्रममा प्रतिवादीले प्रतिउत्तर गर्न मौका दिनुपर्ने, प्रतिवादीले प्रतिदावी लिन सक्ने र र प्रतिउत्तर पत्र दर्ता गराउन अपनाउनु पर्ने कार्यविधि एवं शुल्कको सम्वन्धमा व्यवस्था गरिएको पाइन्छ।
- परिच्छेद ११ अन्तर्गत प्रारम्भिक सुनुवाई सम्वन्धी व्यवस्थामा दफा १३१ देखि १३४ सम्म हकदैया हदम्याद वा क्षेत्राधिकार,प्रारम्भिक सुनुवाई एवं मुद्दा खारेज हुने सम्वन्धमा व्यवस्था गरिएको पाइन्छ।
- परिच्छेद १२ अन्तर्गत दफा १३६ र१३७ मा दुवै पक्षलाई एकै दिनको तारिख तोक्नु पर्ने, तारिख तोक्दा प्रयोजन उल्लेख गर्नुपर्ने र दफा दफा १४१ पक्षले अदालतबाट तोकिएको तारिख गुजारे पनि कारबाही नरोकिने व्यवस्था गरिएको।
- परिच्छेद १४ अन्तर्गत अन्तर्कालीन वा अन्तरिम आदेश सम्वन्धी व्यवस्थामा दफा १५६ अदालतले कारण खुलाई अन्तरकालीन आदेश जारी गर्न सक्ने र दफा १५७ अन्तरकालीन आदेशउपर चित्त नबुझे १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने व्यवस्था।
- परिच्छेद १५ अन्तर्गत लिखित प्रमाण परीक्षण सम्वन्धी व्यवस्थामा दफा १६१ देखि दफा १७८ सम्म वादी प्रतिवादीले प्रमाण पेश गर्नुपर्ने,प्रमाणको मूल्याङ्कन समवन्धी व्यवस्था गरिएको।
- परिच्छेद १६ अन्तर्गत साक्षी परीक्षण सम्वन्धी व्यवस्थामा दफा १७९ देखि दफा १८९ सम्म साक्षी परिक्षण हुन सक्ने अवस्था, साक्षी परीक्षण गर्दा अवलम्बन गरिने तरिका उल्लेख गरिएको।
- परिच्छेद १७ अन्तर्गत मुद्दा सुनुवाई तथा फैसला सम्वन्धी व्यवस्थामा दफा १९१ देखि दफा २०० सम्म मुद्दाको सुनुवाईको तरिका, निर्णय गर्दा लिइने आधार र फैसला तयार गर्नुपर्ने समयसीमाका सम्वन्धमा व्यवस्था गरिएको ।
- परिच्छेद १९ अन्तर्गत दफा २०५ देखि दफा २१८ सम्म पुनरावेदन गर्न पाउने व्यवस्था एवं प्रत्यर्थीलाई म्याद जारी गर्ने र प्रत्यर्थी झिकाउने कार्यविधि सम्वन्धि व्यवस्था।
- परिच्छेद २१ अन्तर्गत म्याद तथा तारिख थमाउने सम्वन्धी व्यवस्थामा दा २२२ देखि दफा २२८ सम्म पुनरावेदनको चरणमा म्याद गुज्रेमा थमाउन पाउने व्यवस्था एवं थमाउन पाउने कार्यविधि सम्वन्धी व्यवस्था।
- दफा २८८ र २८९ अदालती कार्यविधिका सम्बन्धमा आवश्यक नियम र निर्देशिका बनाउने अधिकार सर्वोच्चअदालतलाई प्रदान गरिएको। मुद्दाको कारबाहीलाई एकरूपता, सहजता र शीघ्रताको लागि विभिन्न प्रकारका अनुसूची राखिएको।

**७.३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

- परिच्छेद ३ अन्तर्गत अभियोजन तथा मुद्दा दायरी सम्वन्धमा दफा ३२ देखि दफा ४४ सम्म अभियोगपत्रमा खुलाउनुपर्ने कुरा, सोको दर्ता प्रक्रिया, अभियोग पत्र दायर भइसकेपछि थप अभियुक्त उपर वा थप अभियोग लगाई मुद्दा दायर गर्नसकिने एवं दायर भइसकेको अभियोगपत्र संशोधन हुन सक्ने सम्वन्धी व्यवस्था रहेको।
- परिच्छेद ६ अन्तर्गत पक्राउ पुर्जी र समाह्वान सम्वन्धमा दफा ५७ देखि दफा ६६ सम्म सम्वाह्वान र पक्राउ पुर्जी जारी हुने अवस्था, जारी गर्ने कार्यविधिका बारेमा व्यवस्था गरिएको।
- परिच्छेद ७ अन्तर्गत थुनछेक धरौट तथा जमानत सम्वन्धी व्यवस्थामा दफा ६७ देखि दफा ८० सम्म प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्ने, धरौट वा जमानतमागेने वा साधारण तारिखमा राख्ने अवस्था र कार्यविधि। थुनछेक आदेशउपर चित्त नबुझ्ने व्यक्तिले एकतह माथिको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने सम्वन्धी व्यवस्था।
- परिच्छेद ११ अन्तर्गत प्रमाण परीक्षण सम्वन्धी व्यवस्थामा दफा ९९ देखिदफा ११५ सम्म प्रमाण पेश गर्नुपर्ने,प्रमाण परीक्षण र मुल्याङ्कन सम्वन्धी व्यवस्था।
- परिच्छेद १२ अन्तर्गत दफा ११६ देखि दफा १२० सम्म मुद्दा फिर्ता लिने मिलापत्र र मेलमिलाप सम्वन्धी व्यवस्था।
- परिच्छेद १३ मा दफा१२१ देखि दफा १३३ सम्म मुद्दाको कारवाही सुनुवाई र फैसलासम्वन्धी व्यवस्था र कार्यविधिका बारेमा चर्चा गरिएको।
- दफा १३४ देखि दफा १५० सम्म पुनरावेदन तथा साधक जाँच सम्वन्धी व्यवस्था र सोको कार्यविधिका बारेमा व्यवस्था गरिएको।
- दफा १९६ र १९७ अदालती काम कारबाहीका विषयमा सर्वोच्च अदालतले आवश्यक नियम तथा निर्देशिका बनाउन सक्ने।
- अनुसूचीहरू फौजदारी मुद्दाको कारबाहीलाई सहज, शीघ्र र एकरूपता कायम गर्न विभिन्न प्रकारका ढाँचा तोकिएको ।

**७.४. फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४**

- दफा ६, ८ र ९ मा कानूनमा निश्चित अवधिको कैद वा निश्चित रकमको जरिवाना तोकिएकोमा बाहेक ३ वर्षभन्दा बढी कैद वा ३० हजार रूपैयाँभन्दा बढी जरिवाना हुने मुद्दामा कुनै व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो व्यक्तिको कसूरका सम्बन्धमा कसूरदार ठहर भएको ३० दिनभित्र छुट्टै सुनुवाइ गरी सजाय निर्धारण गर्नुपर्ने व्यवस्था।
- दफा १२ - सजाय निर्धारणको छुट्टै सुनुवाइ गर्नुपर्ने मुद्दामा अदालतले आवश्यक ठानेमा कसूरदारको सम्बन्धमा सजाय निर्धारण गर्नुअघि सजाय पूर्वको प्रतिवेदन पेश गर्न आदेश दिन सक्ने। सो प्रतिवेदन कानून व्यवसायी तथा कसूरदार बालबालिकाको हकमा संरक्षकलाई उपलब्ध गराउनुपर्छ।
- दफा४४ कुनै कसूरको क्षतिपूर्ति लिनेदिने सम्बन्धमा पीडित र कसूरदारबीच सहमति भएअनुसार अदालतले क्षतिपूर्तिको आदेश गर्न सक्ने।
- दफा ५०- अदालती कारबाहीका सम्बन्धमा सर्वोच्च अदालतले आवश्यक नियमावली बनाउन सक्ने।
- न्याय प्रशासन ऐन, २०७३
- यस ऐनमा देहाय बमोजिमको व्यवस्था गरी मुद्दा व्यवस्थापनमा ध्यान दिएको पाइन्छ।
- दफा ४- न्याय परिषद्ले जिल्ला अदालतको कार्यबोझको आधारमा न्यायाधीश संख्या तोक्ने तथा थपघट गर्न सक्ने। प्रधान न्यायाधीशले निश्चित अवधिको लागि कुनै जिल्ला न्यायाधीशलाई अर्को जिल्ला अदालतमा समेत खटाउन सक्ने।
- दफा ६- नेपाल सरकारले मुद्दाको कार्यबोझको आधारमा न्याय परिषद्को सिफारिसमा उच्च अदालतकोन्यायाधीशको संख्यामा हेरफेर गर्नसक्ने।
- दफा १३ कानूनले मिलापत्र हुन सक्ने मुद्धाहरूमा पुनरावलोकन र दोहोर्‍याई पाउँ भन्ने निवेदनमा समेत मिलापत्र हुन सक्ने।
- दफा १५ अन्तरकालीन आदेशउपर एकतह मात्र निवेदन दिन सकिने तर १० वर्षभन्दा बढी कैदको सजायहुन सक्ने मुद्दामा थुनछेक आदेशउपर सर्वोच्च अदालतमा निवेदन सकिने।
- दफा २२ मा माथिल्लो अदालतले आफुले पुनरावेदन सुन्ने मातहतका अदालत वा निकायको न्यायाधीश खटाई आकस्मिक निरीक्षण गराउन सक्ने व्यवस्था गरिएको।

- दफा २८ बयान, बकपत्र, आदेश र फैसला गर्ने काम न्यायाधीश आफैले गर्नुपर्ने। जिल्ला न्यायाधीशको अनुपस्थितिमा स्रेस्तेदारले बयान, बकपत्र र थुनछेक आदेश गर्नसक्ने ।दफा ३४ प्रमाण निमित्त माग भएका मिसिल कागज या जवाफ अदालतले तोकेको अवधिभित्र नपठाउने कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकै पिच्छे रू.१००० देखि रु.१०,०००।- सम्म जरिवाना गर्न सकिने।
- दफा ३५ प्रधान न्यायाधीशले न्याय प्रशासनको सुदृढीकरण तथा न्यायिक सुशासनको लागि मातहतका अदालत वा न्यायिक निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने।

**७.५. विशेष अदालत ऐन, २०५९**

- दफा ३ मा खास किसिमका मुद्दाको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गराउन विशेषअदालतको गठन गर्न सक्ने, म्यादमा हाजिर नहुने प्रतिवादी वा साक्षीलाई वारेण्ट जारी गरी पक्री बयान या बकपत्र गराउने व्यवस्था।
- दफा ९ मा विशेष अदालतमा अभियोगपत्र दायर भैसकेपछि सम्बद्ध थप प्रमाणहरू फेला परेमा अदालतको अनुमति लिई मुद्दा दायर भैसकेका अभियुक्तको हकमा थप अनुसन्धान तहकिकात गर्न वा पहिलेलिएको सजायको माग दाबीमा थप दाबी गर्न वा अन्य अभियुक्तको हकमा थप माग दाबी गर्नसकिने व्यवस्था रहेको।
- दफा १६ यस्तो मुद्दा दायर भएको मितिले सामान्यतया छ महिनाभित्र मुद्दाको किनारा गर्नुपर्ने र सर्वोच्च अदालतले समेत पुनरावेदनको कारबाही मिसिल प्राप्त भएको मितिले तीन महिनाभित्र किनारा गर्नु पर्ने।

**७.६. जिल्ला अदालत नियमावली, २०७५**

- नियम ४ मा सर्वोच्च अदालतले कुनै अदालतलाई फैसला गर्ने बाहेकका कार्य गर्न अतिरिक्त समय काम गर्नेअदालतको रूपमा तोक्न सक्ने तीन दिन या सोभन्दा बढी अवधिको लागि अदालत बन्द रहने भएमा पूर्ण बैठकले त्यस्तो बिदाको अवधिको लागि न्यायाधीश तोक्नु पर्ने व्यवस्था गरेको,
- नियम १० अदालतमा पेश भएका मुद्दा तथा लिखतहरू दर्ता गर्नुको साथै आवश्यक पक्राउ पुर्जी, समाह्वान, इतलायनामा, म्याद वा सूचना जारी गरी तामेल गर्ने गराउने, तारिख तोक्न लगाउने, इजलासबाट भएका आदेश कार्यान्वयन गराउने, मुद्दाको टिपोट तयार गराउने, मुद्दाको कार्यतालिका अनुसारको काम कारबाही गर्ने गर्न लगाउने, मिसिलका निरीक्षण गर्न गराउने,निरीक्षणको निर्देशन कार्यान्वयन गराउने आदि कार्य स्रेस्तेदारले गर्ने।
- नियम १५ फाँटवालाहरूले मुद्धमा भएका आदेशानुसार समयमै पक्राउ पुर्जी, समाह्वान, इतलायनामा, म्याद वा सूचना जारी गरी तामेल गराउने, मुद्दामा भएका आदेशानुसारको कार्य यथाशीघ्र सम्पन्न गर्ने जस्ता कार्य गर्नुपर्ने।
- नियम ३३ बन्दीप्रत्यक्षीकरणको निवेदन र निषेधाज्ञाको निवेदनमा सोही विषयमा अन्य अदालतमा निवेदन दिए नदिएको खुलाउनु पर्ने।
- नियम ३६ बन्दीप्रत्यक्षीकरणको निवेदनमा प्रत्यर्थी बनाइएका व्यक्तिहरूलाई बाटाका म्यादबाहेक बढीमा तीन दिनको र निषेधाज्ञाका हकमा बढीमा पन्ध्र दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिन सकिने।
- नियम ४३ - मुद्दा इजलाससमक्ष निर्णयको लागि पेस गर्नु अगावै सम्बन्धित शाखाले मिसिल सामेल रहेका निवेदनपत्र, फिरादपत्र, उजुरी, प्रतिउत्तरपत्र, लिखित जवाफ, पक्षहरूको बयान, साक्षी र विशेषज्ञको बकपत्र, तल्लो अदालतको फैसला, पुनरावेदनपत्र, अदालतको आदेश, लिखित प्रतिवादलगायतकालिखतहरूको टिपोट र सोको टिपोटको विद्युतीय प्रतिसमेत तयार गरी मिसिल संलग्न गर्नुपर्ने।
- नियम ४५ साप्ताहिक पेसी सूचीमा प्रकाशित भएका मुद्धाहरू न्यायाधीशपिच्छेको दैनिक मुद्दा पेसी सूची देहायको क्रममा तयार गरी प्रकाशन गर्नुपर्ने।

  (क) बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदन

  ख) कसूर ठहर भइ सजाय निर्धारणको सुनुवाइको लागि पेश हुने मुद्दा,

  ग) हेर्दाहेर्दैको मुद्दा,

  (घ) थुनुवा वा कैदी भएको मुद्दा,

  (ङ) निषेधाज्ञाको निवेदन,

  (च) सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउबाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि प्रयोग हुने मुद्दा,

  (छ) बेवारिसे बालबालिकाको मुद्दा,

  (ज) पचहत्तर वर्षमाथिको बुढा बुढी या शारीरिक अशक्तता भएको व्यक्ति तारिखमा रहेको मुद्दा,

  (झ) महिला वादी भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा,

  (ञ) पूर्व आदेशानुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा,

  (ट) अंश वा माना चामलसम्बन्धी मुद्दा,

  (ठ) मुद्दा दर्ताको क्रमअनुसार अन्य मुद्दाहरू।
- नियम ५१ र ५२ पक्षहरुलाई मेलमिलापको लागि पठाउन सकिने व्यवस्था।
- नियम ६२ र ६३ मा कानून व्यवसायीले बहस गर्दा इजलासले निर्धारण गरेको समयभित्र आफ्नो बहस समाप्त गर्नुपर्ने सम्वन्धी व्यवस्था।
- नियम ११४- अदालतले अदालतमा दायर रहेका, प्रत्येक न्यायाधीशले छिनेका र छिन्न बाँकी मुद्दाहरूको विवरणसहितको मासिक तथा वार्षिक प्रतिवेदन न्याय परिषद् सचिवालय, सम्बन्धित उच्च अदालत एवं सर्वोच्च अदालतमा पठाउनु पर्नेछ। त्यस्तो वार्षिक प्रतिवेदनमा मुद्दा छिटो छरितो किसिमले टुङ्ग्याउनेतर्फ प्रतिवेदन अवधिभर भएको प्रगति, टुङ्ग्याउन नसक्नाको कारण र तत्सम्बन्धीसुझाव, र अदालतको सुधारको सम्बन्धमा अन्य सुझावसमेत समावेश गर्नुपर्ने।

**७.७. उच्च अदालत नियमावली, २०७३**

- यस नियमावलीका मुद्दा व्यवस्थापनसँग सम्बन्धित देहाय बमोजिम प्रावधान व्यवस्था रहेको छ।
- नियम ३१ मा बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा जस्ता विषयमा निवेदन दिँदा सोही विषयमा सर्वोच्च अदालतमा कुनै निवेदन दिएको वा कारबाही चलाएको छ छैन स्पष्ट खुलाउनुपर्ने।
- नियम ४५,४६ मा रिट निवेदन लगायतका लिखत दर्ता गर्न ल्याउँदा सोको सारसंक्षेप र विद्युतीय प्रतिसमेत पेश गर्नुपर्ने।
- नियम ५० मा सार्वजनिक हक वा सरोकारका प्रश्न समावेश भएकाबाहेक अन्य निषेधाज्ञा तथा रिट निवेदनमानिवेदकले तारिख गुजारी बसेमा कानूनबमोजिम थाम्न पाउने म्याद गुज्रेपछि तामेलीमा राख्न सकिने।

- नियम ५७ मा मुद्दा वा पुनरावेदन दर्ता भएपछि पुनरावेदक वा झिकाइएको प्रत्यर्थीलाई मुद्दाको कारबाहीको समयतालिका उपलब्ध गराई पक्षहरूको सहीसमेत गराई एक प्रति मिसिलमा संलग्न गर्नुपर्ने।
- नियम ५९ मा अदालतले पुनरावेदन परेको मुद्दाको मिसिल र प्रमाणका मिसिल पुनरावेदन दर्ता भएको मितिले ७ दिनभित्र झिकाउनुपर्ने।
- नियम ६२,६३ मा मुद्दामा अङ्क पुगेपछि मुद्दाको चाप र समयतालिकालाई विचार गरी रजिस्ट्रारले पेशीको तारिख तोक्नुपर्ने।
- नियम ६४ मा प्रत्यर्थी वा झिकाइएको व्यक्तिलाई अदालतबाट तारिख तोक्दा बाटाको म्यादबाहेक १५ दिनभित्र हाजिर हुनु भनी तोक्नुपर्ने।
- नियम ६६ मा वाणिज्य इजलासमा तोकिएको न्यायाधीशको इजलासले नै सो मुद्दाको कारबाही र किनारा गर्ने।
- नियम ८५ मा साप्ताहिक पेसी सूचीमा प्रकाशित भएका मुद्दाहरूको दैनिक मुद्दा पेसी सूची देहायको क्रममा तयार गरी प्रकाशन गर्नुपर्ने। बन्दीप्रत्यक्षीकरणको निवेदन, मिलापत्र वा मुद्दा फिर्ता लिन दिइने निवेदन र अन्य फुटकर निवेदन साप्ताहिक पेशी सूचीमा प्रकाशन नभएपनि दैनिक पेशी सूचीबाट हेर्न बाधा नपर्ने। खास विषयका मुद्दा तथा निवेदनहरू खास दिनमा हेर्नेगरी तोक्न सकिने। साथै इजलासको समाय बाँकी भएमा साधक, तारिख गुजारेका मुद्दा तथा धरौटी पुनरावेन जस्ता कानून व्यवसायीनियुक्त नभएका मुद्दाको पुरक पेशी सूची प्रकाशन गर्न सकिने।

**७.८. सर्वोच्च अदालत नियमावली, २०७४**

- नियम ३ र ४ प्रधान न्यायाधीशले अदालतको कार्य समयका अतिरिक्त अन्य समयमा र अदालत बन्द रहने दिनमा समेत अदालतबाट सम्पादन हुने कुनै कार्य गर्न सक्ने।
- नियम १७ र १८ अदालतमा दर्ताको लागि पेस भएको लिखत हदम्याद वा म्यादभित्र नभएको
- अदालतकोअधिकार क्षेत्रभित्र भए नभएको, हकदैया भए नभएको आदि विषय जाँच गरी रीतपूर्वक देखिए दर्ता गर्ने र रीत नपुगेकोमा दरपीठ गर्ने।
- नियम २१ मा मुद्दाको प्रकृति र विषयवस्तुको जटिलतासमेतका आधारमा संवैधानिक इजलास, बृहत् पूर्ण इजलास, पूर्ण इजलास, संयुक्त इजलास, एक न्यायाधीशको इजलास गठन गरी सुनुवाइ हुने।
- नियम ३१ मा प्रधान न्यायाधीशले खास प्रकृतिका मुद्दाहरूको सुनुवाइ र किनारा गर्न न्यायाधीशहरूको समूह गठन गर्न सक्ने।
- नियम ३१- प्रधान न्यायाधीशले खास प्रकृतिका मुद्दाहरूको सुनुवाइ र किनारा गर्न न्यायाधीशहरूको समूह गठन गर्न सक्ने।
- नियम ३२ र ३३- बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता, प्रारम्भिक सुनुवाइको लागि पेश गर्ने, प्रत्यर्थीको नाउँमा बाटाको म्यादबाहेक बढीमा ३ दिनको म्याद जारी गर्ने आदि व्यवस्था गरिएको।
- नियम ४०, ४६ र ४९ बन्दीप्रत्यक्षीकरणबाहेकका अन्य रिट निवेदनमा पुन्याउनु पर्ने रीत, निवेदन दर्ता, प्रारम्भिक सुनुवाइ, प्रत्यर्थीको नाउँमा निश्चित म्यादभित्र लिखित जवाफ पेश गर्न म्याद जारी गर्ने, अन्तरिम आदेशको लागि पेश गर्ने र अन्तरिम आदेश जारी गर्ने आदि व्यवस्था गरिएको।
- नियम ४७ अदालतले पक्षको निवेदनको आधारमा वा स्वयं सम्बन्धित अर्को पक्षलाई संलग्न गराउन र बुझ्न सक्ने।
- नियम ५२ अदालतले सार्वजनिक सरोकारको विवादमा निरूपण गर्नुपूर्व निवेदनसँग सम्बन्धित विषयमा विशेषज्ञ वा समितिमार्फत आवश्यक अध्ययन अनुसन्धान गराउन आदेश दिन वा स्थलगत निरीक्षण वा आवश्यक देखेको अन्य उपयुक्त कार्य गर्न या गराउन सक्ने।
- नियम ६४ मा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदनमा दोहोऱ्याइ हेर्ने अनुमति प्रदान भएपछि पुनरावेदनसरह दर्ता गरी सो पुनरावेदन दोहोऱ्याई। पाउँ भन्ने निवेदनको रोहबाट दर्ता हुन आएको हो भन्ने चिनिने गरी छुट्टैसङ्केत नम्बर दिनु पर्ने। मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्ने आदेश भएमा अदालतले सोको जानकारी सम्बन्धित जिल्ला अदालतलाई दिनु पर्ने। नियम ६६ साधक जाहेर भएको मुद्दामा कसैको पुनरावेदन परेमा निजको हकमा साधकको लगत कट्टा गरीपुनरावेदनको रोहबाट मुद्दाको कारबाही र किनारा गर्नुपर्ने र पुनरावेनको म्याद बाँकी छँदै साधकको मुद्दा फैसला गर्न नहुने व्यवस्था गरिएको।
- नियम ६९ पक्षले कुनै प्रमाण पेस गर्न चाहेमा इजलासको अनुमति लिई पेस गर्न सक्ने र यस्तो प्रमाणलाई इजलासले स्वीकार वा अस्वीकार गर्न सक्ने।
- नियम ७० मा पुनरावेदन दर्ता भएपछि पुनरावेदक र झिकाइएका प्रत्यर्थीलाई अदालतले प्रत्येक मुद्दाको कारबाहीको समय तालिका उपलब्ध गराउनुपर्ने सम्वन्धी व्यवस्था।
- पुराना मुद्दा, निर्णय नभएका कारण अन्य मुद्दाको कारबाही रोकिएका मुद्दा, निर्णय नभएबाट विकास निर्माणको कार्य अवरूद्ध हुन पुगेका मुद्दा, खास प्रकृति र विषयवस्तुको गाम्भीर्यताको दृष्टिले संवेदनशील मुद्दा, समयमा मुद्दा किनारा नभएमा निर्णय नै निष्प्रयोजन हुने कारण देखाई मुद्दा चाँडो किनारा गरिपाउँ भनी पक्षले दिएको निवेदनको आधारमा सम्बन्धित अधिकारीले तोकेको मुद्दा र अग्राधिकार दिइएको वा अन्तरिम आदेश जारी भएको मुद्दाको पेशी स्थगित गर्न नपाउने गरी पेसीको तारिख तोक्न सकिने।
- बन्दीप्रत्यक्षीकरणको निवेदनमा लिखित जवाफ प्राप्त भएको मितिले साधारणतयाःसात दिनभित्र निर्णयार्थ इजलाससमक्ष पेस गरिने। पेसी तोक्दा मुद्दाको चाप, समय तालिका, मुद्दाको प्रकृति, मुद्दा व्यवस्थापन र पेसीव्यवस्थापनको पक्षलाई विचार गरिने।
- नियम ७६- साप्ताहिक पेसी सूचीमा परेका मुद्दामध्येबाट प्रधान न्यायाधीशले तोकेबमोजिम इजलास गठन गरी दैनिक मुद्दा पेसी सूची तयार गर्नुपर्ने। दैनिक मुद्दाको पेशी क्रमसमेत यसमा उल्लेख गरिएको। हप्ताको कुनै दिन प्रधान न्यायाधीशले आवश्यक सम्झेमा खास प्रकृतिका मुद्दाहरूहेर्नेगरी तोक्न सक्ने, त्यसरी तोकिएकोमा सो अनुसारको दैनिक पेशी सूची प्रकाशन गर्नुपर्ने । निश्चित प्रकृतिका मुद्दाहरू साप्ताहिक पेसी सूचीमा नचढेको भए पनि दैनिक पेसी सूचीमा चढाई सुनुवाइ गरिने। एउटै प्रश्न समावेश भएका वा उस्तै प्रकृतिका मुद्दाहरू एकैसाथ रहनेगरी पेशी सूची तयार गरिने। दैनिक पेसी सूचीमा चढेका मुद्दा हेर्ने काम कुनै इजलासबाट दिनको एक बजे अगावै सम्पन्न भएमा बाँकी समयमा हेर्ने गरी पुनरावेदन नपरेका साधक, तारिख गुजारेका निवेदन, पक्ष तारिखमा नरहेको र कानून व्यवसायी नियुक्त नभएको मुद्दा वा पुनरावलोकनको निवेदनलाई सोही दिनको पूरक पेसी सूचीमा निकाल्न सकिने।

**८. मुद्दा व्यवस्थापनका समस्याहरु**

अन्य देशहरु जस्तै सिंगापुर, दक्षिण अफ्रिका लगायतका देशहरुमा जस्तै नेपालमा पनि प्रभावकारी मुद्दा व्यवस्थापनको अवधारणासंगै फरक मुद्दा व्यवस्थापन प्रणालीको विकाश भएको पाइन्छ। सोही अनुसार कार्यविधि समेत अवलम्बन गरी न्यायिक प्रणालीलाई प्रभावकारी बनाउने प्रयास गरिँदै आइएको छ। यद्यपी नेपालमा न्यायपालिकाले विभिन्न समस्याहरुको सामना गर्नुपरेको अवस्था पाइन्छ। मुख्य रुपमा न्यायपालिकामा मुद्दा व्यवस्थापन (फरक मुद्दा व्यवस्थापन) प्रभावकारी हुन नसक्नुमा निम्न कारणहरु कारक रहेको पाइन्छ।

- दक्ष जनशक्तिको न्यूनता
- विद्यमान कर्मचारीमा दक्षता अभिवृद्धि गर्न नसकिनु।

- कम्प्युटर लगायतको भौतिक साधन स्रोतको अभाव
- फरक मुद्दा व्यवस्थापन (DCM)पद्दतीको बुझाईमा रहेको कमी/अपनत्व लिने नलिने विषय
- तामेलदारहरुको न्यूनता वा मोटरसाईकलको अभाव
- सर्वेक्षक वा अमिनको न्यूनता
- सफ्टवेयरको प्रयोगमा कठिनाई
- पद्धति कार्यान्वयनमा बार, स्थानीय तहलगायत अन्य सरोकारवालाहरुबाट सहयोगमा कमी
- जनशक्तिमा उत्प्रेरणाको अभाव।

**९. समाधानका उपायहरु**

न्यायिक निकायमा दक्ष कर्मचारीहरुको अभाव रहेतापनि अन्य देशहरुमा जस्तै विवादको विषयवस्तु र प्रकृति अनुसार फरक मुद्दा व्यवस्थापनको माध्यमद्वारा मुद्दा व्यवस्थापन गरी तुलनात्मक रुपमा विगतमा भन्दा हाल मुद्दा फछ्यौंट दरमा सकारात्मक वृद्धि भएको पाइन्छ। यद्यपी न्यायपालिकाले मुद्दा फछ्यौंटका सम्वन्धमा लिइएको उद्देश्य बमोजिम मुद्दा फछ्यौंट गर्न सकेको अवस्था देखिँदैन। जसको मुख्य कारण मुद्दा व्यवस्थापनमा विद्यमान समस्या नै हुन्। तसर्थ मुद्दा व्यवस्थापनमा विद्यमान समस्याहरुलाई समाधान गर्न जरुरी रहन्छ। मुद्दा व्यवस्थापनमा विद्यमान माथि उल्लेखित समस्याहरु समाधानका लागि देहाय बमोजिमको उपायहरु अवलम्बन गर्न जरुरी रहन्छ।

- मुद्दा व्यवस्थापनका क्षेत्रमा कार्यरत दक्ष कर्मचारीहरु न्यून रहेका छन्। प्रभावकारी मुद्दा व्यवस्थापनको माध्यमद्वारा अपेक्षित लक्ष्य हासिल गर्नका लागि सर्वप्रथम कर्मचारीको दक्षता बढाउन जरुरी रहेको छ। जसको लागि समय सापेक्ष कर्मचारीहरुलाई तालिम प्रदान गर्ने, सेमिनार तथा गोष्ठी एवं अन्तरक्रिया कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्नु जरुरी देखिन्छ।
- विषेष गरी देवानी मुद्दा व्यवस्थापनमा ढिलाई भएको देखिन्छ। जग्गा नापजाँच सम्वन्धी कार्य गर्ने सर्भेक्षक तथा अमिन कर्मचारीहरुको अभावका कारण मुद्दा फछ्यौंटमा ढिलाई आएको पाइन्छ। तसर्थ प्रत्येक अदालतहरुमा आवश्यक त्यस्ता जनशक्तिहरु पूर्ति गरिनु पर्दछ।
- मुद्दा व्यवस्थापनमा देखिएको अर्को समस्या म्याद तामेलीमा ढिलाई हुनु पनि हो। तामेलदार कर्मचारीको संख्या न्यून हुनु,एउटै कर्मचारीले धेरै जिम्मेवारी बहन गर्नुपर्ने अवस्थाका कारण समेत मुद्दा व्यवस्थापनमा समस्या सिर्जना भएको देखिन्छ। जसका लागि आवश्यक जनशक्तिको पूर्ति हुनु पर्दछ।
- मुद्दा व्यवस्थापनका क्षेत्रमा कार्यरत कर्मचारीहरुमा मुद्दा व्यवस्थापन सम्वन्धी ज्ञानको अभाव रहेको छ। कर्मचारीहरु प्रविधिमैत्री हुन नसक्नु, मुद्दा व्यवस्थापन र मुद्दा व्यवस्थापन सम्वन्धी सफ्टवेरका बारेमा कर्मचारीहरु त्यति परिचित हुन सकेको देखिँदैन। तसर्थ कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन जरुरी छ।
- मुद्दा व्यवस्थापनमा प्रभावकारीता आउन नसक्नु कर्मचारीमा उत्प्रेणाको अभाव पनि मुख्य कारण हो। अन्य क्षेत्रमा कार्यरत कर्मचारीको तुलनामा न्यायिक क्षेत्रमा कार्यरत कर्मचारीहरु आप्नो कार्यप्रति बढी लगनशील हुनु पर्ने, कार्यालय समयभन्दा अतिरिक्त समय कार्य गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। तसर्थ कर्मचारीहरुलाई अतिरिक्त पारिश्रमिक लगायतका वैकल्पिक सुविधाको व्यवस्था गरी कर्मचारीहरुलाई आफ्नो कार्यप्रति उत्प्रेरित गरिनु पर्दछ।

**१०.निष्कर्ष**

नागरिकको न्यायापालिका प्रतिको धारणा अभिवृद्धि गरी न्यायिक निकायको गरिमा बढाई संविधान एवं कानूनप्रदत्त नागरिकको हक हितको विषयलाई सुनिश्चित गराउने दायित्व न्यायापालिकको हो। तसर्थ अदालतमा प्रवेश भएका प्रत्येक विवादलाई विना पूर्वाग्रह,सरल,सहज र कम खर्चिलो बनाई प्रभावकारी ढंगबाट किनारा गर्न सघाउ पुऱ्याउने कार्य मुद्दा व्यवस्थापनले नै गर्दछ। मुद्दा व्यवस्थापनका माध्यमबाट मात्र नागरिकको अपेक्षित चाहनालाई सम्बोधन गर्न सकिनुका साथै मुद्दामा हुने अनावश्यक प्रभाव र ढिलाईलाई समेत हटाउन सकिन्छ। जसबाट मुद्दा अदालतको नियन्त्रणमा रहन जाँदा सेवा प्रवाहमा समेत गुणस्तरीयता ल्याउन सकिने हुँदा प्रभावकारी मुद्दा व्यवस्थापनको अवलम्बन गरी न्यायिक सेवा प्रभावहलाई सरल र सहज बनाउनु आवश्यक रहेको पाइन्छ।

**<u>सन्दर्भ सामाग्री</u>**

नेपालको संविधान
मुलुकी देवानी संहिता, २०७४
मुलुकी देवानी कार्यविधि संहिता, २०७४
न्याय प्रशासन ऐन, २०७३
सर्वोच्च अदालत नियमावली, २०७४
उच्च अदालत नियमावली, २०७५
जिल्ला अदालत नियमावली,२०७५
मुद्दा व्यवस्थापन पद्दती विकासक्रम अध्ययन प्रतिवेदन, २०७५
फरक मुद्दा व्यवस्थापन दिग्दर्शन (संशोधन सहित), २०७६ (उच्च अदालतका लागि)
फरक मुद्दा व्यवस्थापन दिग्दर्शन (संशोधन सहित), २०७६ (जिल्ला अदालतका लागि)
अदालत व्यवस्थापन समितिको प्रतिवेदन,२०५५
अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन,२०५८
मुद्दाको विशिष्टिकृत नामाकरण सफ्टवेयर डिजायन एवं विभिन्न ढाँचाहरु पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०६४
न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाहरु

# उच्च अदालत पाटन

वर्ष १ | अङ्क ७ | इ बुलेटिन | २०८१ पुष

## यस अदालत तथा मातहतका अदालतहरूको दर्ता, फछ्र्यौंट र बाँकी मुद्दाको तथ्याङ्कगत विवरण (२०८१ मंसिर मसान्तसम्म)

| सि.नं. | अदालत | लगत | | | फछ्र्यौंट | प्रतिशत | बाँकी | बाँकी मध्येका २ वर्षनाघेका |
|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | | | | |
| १ | उच्च अदालत पाटन | ५१६२ | ४७९५ | ९९५७ | ३९७८ | ३९.९५% | ५९७९ | ४२ |
| २ | उच्च अदालत पाटन हेटौडा इजलास | ३७४ | ६१५ | ९८९ | ४२१ | ४२.५६% | ५६८ | ० |
| ३ | काठमाडौं जिल्ला अदालत | २६४८७ | १०३२७ | ३६८१४ | ८४२७ | २२.८९% | २८३८७ | २०१५ |
| ४ | भक्तपुर जिल्ला अदालत | ३९१८ | १६१५ | ५५३३ | १३४६ | २४.३३% | ४१८७ | ३१७ |
| ५ | ललितपुर जिल्ला अदालत | ३५१८ | १८६८ | ५३८६ | १३७४ | २५.५१% | ४०१२ | ४४ |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | १३५८ | ८०४ | २१६२ | ६३२ | २९.२३% | १५३० | ३३ |
| ७ | सिन्धुपाल्चोक जिल्ला अदालत | २६० | ३५० | ६१० | २७२ | ४४.५९% | ३३८ | ० |
| ८ | दोलखा जिल्ला अदालत | २०१ | १९५ | ३९६ | १०८ | २७.२७% | २८८ | १ |
| ९ | रसुवा जिल्ला अदालत | २७ | ४२ | ६९ | २७ | ३९.१३% | ४२ | ० |
| १० | रामेछाप जिल्ला अदालत | १३१ | १२८ | २५९ | ७१ | २७.४१% | १८८ | १ |
| ११ | नुवाकोट जिल्ला अदालत | २५५ | ३११ | ५६६ | २३२ | ४०.९९% | ३३४ | २ |
| १२ | धादिङ जिल्ला अदालत | ५३१ | ३८२ | ९१३ | ४२६ | ४६.६६% | ४८७ | १० |
| १३ | सिन्धुली जिल्ला अदालत | ६५९ | ३४९ | १००८ | २९९ | २९.६६% | ७०९ | ७० |
| १४ | चितवनजिल्ला अदालत | १९५० | १८२८ | ३७७८ | १२८३ | ३३.९५% | २४९५ | १० |
| १५ | मकवानपुर जिल्ला अदालत | १५९७ | ९७४ | २५७१ | ८५८ | ३३.३७% | १७१३ | ८ |

## लेख उपलव्ध गराइदिनु हुन अनुरोध

उच्च अदालत पाटनको इ-बुलेटिनको आगामी अङ्कका लागि कानून, न्याय र न्यायिक सिद्धान्तसँग सम्बन्धित विषयमा कम्तिमा १५०० शव्ददेखि बढीमा २००० शव्दसम्मका लेख रचनाहरू नेपाली युनिकोड फण्टमा टाइप गरी यस बुलेटीनको ई-मेल ठेगानाः-Bulletin.hcpatan@gmail.com उपलव्ध गराई दिनु हुन उच्च अदालत पाटन र मातहतका अदालतहरूमा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूमा हार्दिक अनुरोध छ।


| इ-बुलेटिन प्रकाशन समिति | |
|---|---|
| श्यामकुमार भट्टराई, न्यायाधीश | संयोजक |
| ब्रजेश प्याकुरेल, न्यायाधीश | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश | सदस्य |
| श्रीलाल पौडेल, रजिष्ट्रार | सदस्य |
| अनितनाथ कायस्थ, सूचना प्रविधि अधिकृत | सदस्य |

| इ-बुलेटिन सम्पादन समिति |
|---|
| शाखा अधिकृत इन्दु पाण्डे |
| शाखा अधिकृत लोकचन ढकाल |
| शाखा अधिकृत मोनिका चौधरी |
| शाखा अधिकृत हृदयचन्द्र राई |